जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ६, २०७८ साल साउन १५ गते शुक्रबार, नेपाल संवत् ११४१ (August 30, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## जसपाका मन्त्री तीन नेताले छान्ने

काठमाडौं । जनता समाजवादी पार्टी नेपालबाट सरकारमा मन्त्री पठाउन बारेमा निर्णय गर्ने जिम्मेवारी पार्टीका संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई, अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता अशोक राईलाई दिएको छ । जसपा नेपालले सरकारमा सहभागी हुने यसअघि नै निर्णय गरिसकेको छ । मन्त्री चयनको मापदण्डका बारे आज कार्यकारिणी समितिको बैठकमा छलफल भएको थियो । छलफलमा समानुपातिक समावेशी, नयाँ **बाँकी ८ पेजमा**

## एसइईको नतिजा चाँडै

भक्तपुर । राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को आन्तरिक मूल्याङ्कनको नतिजा यही साउन २५ गतेभित्र सार्वजनिक गर्ने भएको छ । यही साउन २५ गतेभित्रमा २०७७ को एसइई नतिजा सार्वजनिक गर्ने गरी अहिले तीव्ररूपमा काम भइरहेको परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का परीक्षा नियन्त्रक रुद्र अधिकारीले बताए ।

सबै जिल्लाबाट विद्यार्थीको मूल्यांकन नतिजा आएर इन्ट्री सकेर नम्बर रुजु गर्ने काम भइरहेको बताउँदै उनले कुनै प्राविधिक कठिनाई नआए आगामी शुक्रबारभित्र विद्यार्थीको नतिजा रुजु गरिसक्ने र त्यसको एक साताभित्रमा नतिजा सार्वजनिक गर्ने बताए ।

# भारतद्वारा नेपाली भूमि अतिक्रमण तीव्र




काठमाडौं । नेपाल र भारतबीचको सिमानाको १ हजार ८ सय किलोमिटर क्षेत्रमा ८ हजर ५ सय ५३ सीमा स्तम्भ छन् । भारतले झन्डै ५ सय सीमा स्तम्भ गायब बनाएर १२ सय हेक्टर नेपाली भूभाग आफ्नोतिर पारेको छ । नेपाल-भारत संयुक्त बाउन्ड्री वर्किङ ग्रुपले दशगजा निरीक्षण गरेको तथ्य पहिले नै बाहिर आइसकेको हो । ८ हजार ५५ वटा सीमा स्तम्भ राम्रो अवस्थामा पाइयो भने एक हजार ३४ नयाँ स्तम्भ निर्माण गरिएका छन् । नेपाल-भारत संयुक्त बाउन्ड्री ग्रुपले गरेको सर्भेमा १ सय १६ वटा सीमा स्तम्भ मात्र दुरुस्त भेटिए । यसले प्रस्ट पार्छ भारत सीमा स्तम्भ भत्काएर, फालेर, सारेर नेपाली भूमि निरन्तर अतिक्रमण गरिरहेको छ । जब भारतले आफ्नो नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गर्दै नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई भारतीय सरहदभित्र पाऱ्यो त्यसले प्रस्ट पार्छ 'छिमेक पहिलो' भन्ने मोदी सरकारको नियत कति कपटपूर्ण छ ।

कुनै देश भूखण्ड जग्गा आदिको अन्तिम हद वा क्षेत्रलाई सामान्यतः सीमा भनिन्छ । सीमा त्यस्तो रेखा हो जसले सार्वभौमसत्ता सम्पन्न राष्ट्रको सबैभन्दा अन्तिम भूभागलाई अंकित गर्छ । एउटा स्वतन्त्र राष्ट्रको तोकिएको निश्चित सिमाना हुन्छ । त्यस सीमाभित्र स्थायी बासिन्दा अर्थात् जनसंख्या हुन्छन् । सिमानाले जमिनमा अंकित सीमा रेखा मात्र जनाउँदैन यो त जमिनको सतहबाट सिधै तल पृथ्वीको बीच भागसम्म पुगेको र सिधै आकाश माथिसम्म पुगेको मानिन्छ । सिमाना भन्ने शब्दले दुई देशबीचको सन्धिमा उल्लेख गरिएको एक निश्चित बिन्दुलाई पनि जनाउँछ । पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरण अभियानका सन्दर्भमा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म पुगेको थियो । यस्तै उत्तरमा तिब्बततर्फ टासिनछुपोसम्म तन्किएको र दक्षिणमा घाघरा गंगा तथा जमुना गंगा नदीको मैदानसम्म फैलिएको थियो । यसलाई ग्रेटर नेपाल मानिन्थ्यो । हाम्रो देशको पश्चिमी सिमानाले वि.सं. १८६३ मा कांगडा टेकेको थियो । तर तीन वर्षपछि वि.सं. १८६६ मा सतलज नदीको सिमाना फर्कन पुग्यो ।

यसअघि भारतमा साम्राज्य जमाएका इस्ट इन्डिया कम्पनी र तत्कालीन नेपालका शासकबीच भएको वि.सं. १८७१ चैत १ अर्थात् अंग्रेजी महिनाको ४ मार्च १८१६ को सुगौली सन्धिका कारणले नेपालले पूर्वमा मेचीदेखि टिस्टासम्मको भूभाग, पश्चिममा महाकालीदेखि सतलजसम्मको जमिन र दक्षिण चुरे श्रृंखलादेखि दक्षिणको सबै भूभाग गुमाउनु पऱ्यो । सन्धिमा नेपाल सरकारको प्रतिनिधिका रुपमा राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेर अंग्रेज इस्टइन्डिया कम्पनीका सरकारका लेफ्टीनेन्ट कर्णेल पेरिस ब्राडसालाई हस्तान्तरण गरिएको सन्धिमा पूर्वमा मेची र पश्चिममा काली नदीलाई सिमानाका रुपमा उल्लेख गरियो । तर उक्त सन्धिमा पश्चिमको राप्तिदेखि पूर्वको कोसी नदीसम्मका तराईका जिल्ला उल्लेख नभएकाले ९ महिनापछि अर्थात् डिसेम्बर ८ मा सुगौली सन्धिकै पुरक सन्धि भयो । त्यसलाई लिम्पियाधुरा नेपालकै हो भन्ने दोस्रो प्रमाणका रुपमा लिइन्छ । नेपालको कोसीदेखि राप्तिसम्मको समतल भूभाग नेपालीलाई फिर्ता गर्न चाहेको भन्दै अंग्रेज सरकारले नेपाल सरकारलाई पत्र पठाएको र त्यही आधारमा सुगौली सन्धिकै पूरक सन्धि भएको थियो र त्यसमा लिम्पियाधुरा नेपालको नक्सामा रहेको थियो ।

तेस्रो आधार सन् १८६० नोभेम्बर १ मा भएको तत्कालीन श्री ३ जंगबहादुर राणा अंग्रेज सरकारका तर्फबाट लेफ्टिनेन्ट जर्नेल जर्ज प्याम्सेबीच भएको सम्झौता हो जसले त्यसबेला तयार पारिएको नक्सामा लिम्पियाधुरा नेपालको रहेको छ । त्यस सम्झौताले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता गरिएको छ । सन् १८७५ जनवरी ७ मा दाङको डुडुवा क्षेत्रको सिमांकन भयो । जसमा नेपालका तर्फबाट कर्णेल सिद्धिमान साहेब बहादुर राजभण्डारी र अंग्रेज सरकारका तर्फबाट कमिस्नर लेफ्टिनेन्ट जर्नेल एन्ट्रिउको संयुक्त आयोगले नक्सांकन गऱ्यो । उक्त नक्सामा पनि पश्चिम नेपालको लिम्पियाधुरा छुटेको छैन । नेपालसँग लिम्पियाधुरा नेपालको हो भन्ने १३२ किसिमका नक्साहरू छन् । नेपाल स्वयंले आफ्नो नक्सा आफैं प्रकाशन गर्न थालेको वि.सं. २०३२ सालदेखि मात्रै हो । त्यसअघि बेलाबखतमा प्रकाशित नक्सामा समेत लिम्पियाधुरा समेटिएको पाइन्छ । **बाँकी ८ पेजमा**

## फेरि बढ्दै कोरोना सन्त्रास

काठमाडौं । लामो समय कायम राखिएको निषेधाज्ञाले कोरोनाको दोस्रो लहरलाई घटाउन केही मद्दत पुऱ्याएको भए तापनि निषेधाज्ञा खुकुलो पारेसँगै कोरोना संक्रमित बढ्न थालेका छन् । कोरोना भाइरसका नयाँ प्रजातिसमेत फेला परेको समाचार आइसकेको र उपत्यका, तराई, पहाड सबैतिर कोरोनाका बिरामी बढ्दो क्रममा भेटिएसँगै फेरि तेस्रो लहरको सन्त्रास बढ्न थालेकोछ । दुर्गम क्षेत्रका गाउँहरूमा समेत कोरोना संक्रमण फैलिएकाले नियन्त्रणमा राख्न समस्या परिरहेको छ । पीसीआर र एन्टिजेन दुवै परीक्षणमा कोरोनाका बिरामी संख्या भित्रभित्रै बढ्दै गएको पाइएको छ । परीक्षण अनुपातको तीस प्रतिशत हाराहारी संक्रमित फेला पर्नुले कोरोना महामारीले बलियो जरा गाडिरहेको स्पष्टै हुन्छ ।

कोरोना निको हुनेको संख्या बढिरहेको भए तापनि त्यो संख्या संक्रमित हुनेको दाँजोमा कम छ । कोरोना परीक्षणको गति पनि केही **बाँकी ८ पेजमा**

## कांग्रेस महाधिवेशन अनिश्चित

काठमाडा । सत्तारुढ दल नपाला कांग्रेसको महाधिवेशन भदौभित्र नहुने लगभग निश्चित देखिएको छ । महाधिवेशन कहिले गर्ने भन्ने विषय पनि टुंगो लागेको छैन । करिब १ सय वडाको क्रियाशील सदस्यता टुंगो लाग्न बाँकी राखेर छानबिन समितिले साउन १२ गते सभापति एवं प्रधानमन्त्री शरबहादुर दउवालाइ बुझाएका थिया । क्रियाशील सदस्यता नवीकरण तथा वितरणमा धाँधली भएको कुरा उठेपछि रमेश लेखकको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो । करिब एक महिना गृहकार्य गर्दा पनि छानबिन समितिले सर्वसम्मत रुपमा प्रतिवेदन तयार गर्न सकेन । **बाँकी ८ पेजमा**

# नेपाल पक्ष सरकारमा जाने संकेत

काठमाडौं । पार्टी अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको 'टसल' का कारण नेकपा एमाले यतिबेला विघटनको संघारमा पुगेको छ । एमाले अब पुनर्गठनभन्दा पनि बिघटनतिरै अघि बढेको देखिँदैछ । वरिष्ठ नेता नेपाल सितिमिति तवरले ओलीसँग सहकार्य गर्ने मुडमा देखिँदैनन् । अध्यक्ष ओलीले दोस्रो अध्यक्षको हैसियत नेपाललाई दिने भने पनि नेपाल भने त्यसमा ओलीको कप्ट् याइँ लुकेको देखिरहेका छन् । नेपालको बुझाइमा गठबन्धनलाई कमजोर बनाएर नीति तथा कार्यक्रम पारित हुन नदिने, सरकारलाई अल्पमतमा धकेल्ने र जतिसक्दो छिटो चुनावमा जान बाध्य पार्ने योजनाका साथ ओलीले दोस्रो अध्यक्षको पासा फ्याँकेका हुन् । निर्वाचनमा आफूपक्षीय नेताहरूलाई टिकट नदिने र आफ्नो गुटका मान्छेलाई मात्र उम्मेदवार उठाएर आफूहरूको राजनीतिक भविष्य नै समाप्त पार्न



ओली लागिपरेको ब्रिफिङ नेता नेपालले आफ्नो समूहमा गरिसकेका छन् ।

वरिष्ठ नेता नेपालले आफूलाई साथ दिने नेता कार्यकर्ता र सांसदहरूको सल्लाहअनुसार नै आफू चल्ने बताएका छन् । शेरबहादुर देउवालाई विश्वासको मत दिने बेला आफ्नो पक्षमा उभिएका २२ जना सांसदसँगको सामूहिक छलफलमा नेपालले दोस्रो अध्यक्षको प्रस्ताव आएको बताउँदै आफूलाई पदलोलुप भएको देखाउन ओलीले यस्तो प्रस्ताव राखेको हुन सक्ने आशंका व्यक्त गरेका छन् । नेता नेपालले दोस्रो अध्यक्ष अरु जो बने पनि हुन्छ भन्दै आफूले कार्यदलमा रहेका नेताहरूलाई आफ्नो रुचि नरहेको बताइदिएको जानकारी सांसदरुलाई गराएका छन् । यता अध्यक्ष केपी ओलीले पनि माधव नेपाल एकतामा आउने कुरामा आशंका व्यक्त गरेका छन् । ओली नेपालपक्षीय नेताहरूलाई आफ्नो गुटमा तानेर नेपाललाई निरीह बनाउने रणनीतिमा छन् । तर अहिलेसम्म नेपाल पक्षका कोही पनि नेता एवं सांसदहरू ओली समूहमा समाहित भएका छैनन् ।

बरु देउवालाई विश्वासको मत दिने २२ सांसदले विचार नै अलग भएका कारण पार्टी अध्यक्ष केपी ओलीसँग सम्बन्धविच्छेद गर्न र आफैंले बनाएको सरकारमा सहभागी हुन सुझाव दिएका छन् । नेता नेपालले भने मन्त्री भएपछि ओलीले सांसद पद खाए पनि पालैपालो ६।६ महिना सरकारमा सहभागी भएर शक्ति सञ्चाय गर्नुपर्ने सुझाव नेता नेपाललाई दिएका **बाँकी ८ पेजमा**

## राष्ट्रिय ढिकुटीको दोहन

काठमाडौं । नेकपा एमालेका नेता झलनाथ खनालको उपचारका लागि कानुन विपरीत ३० लाख रुपैयाँ निकासा भएको छ ।

दुबै मिर्गौलामा समस्या देखिएपछि भारत गएका खनाल एपोलो अस्पतालमा उपचाररत छन् । एमाले नेताहरूका अनुसार उनको मिर्गौला प्रत्यारोपण गरिनेछ ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले खनालको उपचारमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने निर्णय गरेको थियो । अर्थ मन्त्रालय उच्च स्रोतका अनुसार दिल्लीस्थित नेपाल दूतावासले परराष्ट्र मन्त्रालयमार्फत खनालको उपचारका लागि करिब ३० लाखको हिसाब पठाएको थियो । एमाले उपमहासचिव विष्णु पौडेल उपप्रधान तथा अर्थमन्त्री रहँदा नै यो रकम निकासा भइसकेको छ ।

जबकी एमाले **बाँकी ८ पेजमा**

## उखु किसानलाई बक्यौता उठाउन समस्या



काठमाडौं । सर्लाही र नवलपरासीका उखु किसान फेरि पुरानो बक्यौता उठाउन काठमाडौं आएका छन् । सरकारसँग गरेको सहमतिअनुसार ४१ करोड रुपैयाँ बक्यौता उठाउन काठमाडौं आएको उखु किसान संघर्ष समितिले जनाएको छ । रौतहटको श्रीराम सुगर मिलले ३५ करोड, सर्लाहीको अन्नपूर्ण सुगर मिलले ३० करोड र महालक्ष्मी सुगर मिलले ६ करोड तथा नवलपरासीको लुम्बिनी चिनी मिलले १० करोड, इन्दिरा चिनी मिलले ८ करोड र बागमती खाँडसरी चिनी मिलले ४० लाख रुपैयाँ भुक्तानी दिन बाँकी रहेको किसानहरूको तथ्यांकमा छ ।


सरकारले ६६ करोड रुपैयाँको मात्रै तथ्यांक देखाउँदै थप रकम (३२.५० करोड) २१ दिनभित्र उठाइदिने दाबी गर्दै किसानसँग १३ पुसमा लिखित सम्झौता गरेको थियो । सो सम्झौताअनुसार थपिएको २१ दिनमा १२ करोड मात्रै उठेको थियो । थपिएको समय अवधिभर किसानहरूले आन्दोलन स्थगित गरे पनि किसान प्रतिनिधि काठमाडौंमै बसेर सरकारी अधिकारीहरूलाई दबाब दिइरहेका **बाँकी ८ पेजमा**

# देउवा सरकार एमसीसीको फन्दामा

**विष्णु भट्टराई**

काठमाडौं । शनिबार साउन ९ मा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले एक कार्यक्रममा भने- 'सत्ता गठबन्धन भत्काउने षड्यन्त्र छ, एकदमै खोजी भइरहेको छ, टर्चलाइट बालेर कहाँनिर प्वाल छ भनेर । कन्ट्रोभर्सी' रहेका विषयलाई कहिले यताबाट कहिले उताबाट लगाइदिएर हुन्छ कि, एमसीसी आइपीएस भन्ने छ, यसलाई अगाडि सारिदियो भने यिनीहरूभित्र झगडा पर्ला कि भनेका छन्- अनेक खालका कसरत भएका छन्, हामीले यो बुझ्न जरुरी छ ।' प्रचण्डको यो अभिव्यक्तिले गठबन्धनभित्र अर्थात् अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सँगको अनुदान सम्झौतालाई लिएर असमझदारी कायमै छ भन्ने संकेत गर्छ । सत्ता गठबन्धनको न्यूनतम नीति तथा कार्यक्रम तय गर्न कांग्रेस महामन्त्री पूर्णबहादुर खड्का नेतृत्वको कार्यदललाई एमसीसीबारे साझा धारणा बनाउने कार्यादेश पनि छ ।

सत्ता गठबन्धनको बालुवाटारमा बसेको बैठकमा एमसीसीबारे कुनै विषय नउठे पनि जनमोर्चाका चित्रबहादुर केसीले यसको विरोध गर्दै यदि यसलाई



संसदबाट अनुमोदन गरिए गठबन्धन छोड्ने बताएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एमसीसीलाई जस्ताको तस्तै संसदबाट पास गराउन खोज्दा नेकपामा चर्को विवाद भएको थियो । त्यसबेला प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवा पनि ओलीलाई सघाउन तयार थिए । नेकपाले वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा एमसीसी अध्ययन कार्यदल बनायो । अध्ययन कार्यदलले परिमार्जन गरेर पास गर्न १६ बुँदे सुझाव दियो । सभामुख अग्नि सापकोटाले एमसीसीलाई संसदको कार्यसूचीमा कहिल्यै राखेनन् । तत्कालीन प्रधानमन्त्री ओलीले यसमा गहिरो असन्तुष्टि जनाए । प्रधानमन्त्री र सभामुख बीचको दूरी एमसीसीकै कारणले बढ्यो । नेकपाभित्र एमसीसीबारे चर्को विवाद भएपछि यो प्रधानमन्त्री ओलीले चाहेर पनि अघि बढ्न सकेन । एमसीसीको चर्को विरोध गर्ने जनार्दन शर्मा र पम्फा भुसाल अहिले क्रमशः अर्थ र ऊर्जा मन्त्री छन् । एमसीसी पारित गराउन अमेरिकी राजदूत प्यान्डी बेरीले सक्रियता बढाएका छन् । उनले प्रधानमन्त्री शेरबहादुर देउवा अर्थमन्त्री जनार्दन शर्मासँग भेट गरेका छन् र एमसीसीबारे चासो प्रकट गरेका छन् । साउन १२ गते प्रधानमन्त्री देउवा र भारत भ्रमणमा रहेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनबीच भएको टेलिफोन संवादमा पनि एमसीसी कार्यान्वयनका विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयको स्रोतले बताएको छ । चार वर्ष पुग्न लाग्दा पनि एमसीसीसँगको सम्झौता कार्यान्वयन नभएको भन्दै अमेरिकाले असन्तुष्टि व्यक्त गरेको छ । अमेरिकी विदेश मन्त्रालयले सार्वजनिक गरेको २०२१ भेस्टमेन्ट क्लाइमेट स्टेटमेन्टस : नेपाल प्रतिवेदनमा सम्झौता संसदबाट अनुमोदन गर्न ढिलाइ हुनु सम्भाव्य लगानीकर्ताको लागि राम्रो संकेत नभएको उल्लेख छ । **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाई
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
**बजार व्यवस्थापन** रामशरण रिमाल
**सम्पादन सहयोगी** गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### वैदेशिक रोजगारमा संकट

मुलुकको कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको रेमिट्यान्स भित्र्याउन महत्वपूर्ण योगदान पुऱ्याउने वैदेशिक रोजगारमा संलग्न युवाहरू अहिले समस्यामा परिरहेका छन् । कोभिडअघि नेपालबाट वार्षिक ५ लाख युवा जनशक्ति वैदेशिक रोजगारका लागि मुलुक बाहिर जाने गरेको थियो । कोभिड संक्रमणपछि यो संख्या घटेर वार्षिक १ लाखमा झरेको छ । कोभिडको कारण घर फर्केका युवाहरू फेरि जान पाएका छैनन् भने सरकारले मुलुकभित्र रोजगारी आर्जन गर्न सकेको छैन । वैदेशिक रोजगारमा फर्किने युवाहरू समेत हवाई भाडामा ठगिएको खबर पटक पटक विभिन्न सञ्चार माध्यमहरूले सार्वजनिक गरे तापनि युवालाई ठग्ने एयर लाइन्सहरूलाई सम्बन्धित निकायले कारबाही गर्न सकेको छैन । वैदेशिक रोजगारबाट आउने रेमिट्यान्स भने सरकारी तथ्यांकमा अहिले पनि बढिरहेकै देखिएको छ । विगतमा हुन्डी तथा अन्य माध्यमबाट बढी पैसा भित्रिएकोमा अहिले बैंक तथा कानुनी तवरबाट सञ्चालन भएका रेमिट कम्पनीबाट पैसा आउन थालेकाले विदेशिने युवाको संख्यामा कमी आए पनि रेमिट्यान्समा गिरावट नआएको राष्ट्रबैंकको तथ्यांकले देखाएको छ ।

विदेशमा रगत, पसिना चुहाएर मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने युवाहरूलाई मुलुकभित्र सहज वातावरण बनाउनुपर्नेमा विभिन्न बहानामा ठग्ने गरेको पाइन्छ । खाडी मुलुकमा न्यून तलबमा काम गर्ने युवाको झन्डै वर्ष दिनको तलब हवाईभाडा र क्यारेन्टाइनको नाममा सकिने अवस्था आउँदा पनि रेमिट्यान्सले धानिएको सरकारलाई कुनै टाउको दुखाइ छैन । ठगिने युवाहरूले विभिन्न सामाजिक सञ्चालमार्फत गुनासो पोखिरहेका छन् । एयरलायन्सहरूको नियामक निकाय हवाई प्राधिकरण ठगी गर्ने कम्पनीलाई कारबाही गर्ने कुनै कानुन नभएको भनेर पन्सिने गरेको छ । राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलाइन्स काम नपाएर टाट उल्टिने अवस्थामा पुगेको छ भने कौडीको मोलमा बेच्ने ग्राहक खोजिँदै छ । उता कमिसनको आडमा नेपाल एयरलाइन्सभन्दा तेब्बर बढी चार्टर फ्लाइट पाउने केही निजी एयरलाइन्स मोटाएर गएका छन् । कोभिडजस्तो विश्व महामारीलाई समेत ठगी खाने धन्दा बनाउने गिरोहले कारबाहीबाट उन्मुक्ति पाइरहेका छन् ।

कोभिडको कारण झन्डै ५ लाखको संख्यामा नेपाली युवा विदेशबाट रोजगारी गुमाइ फर्किएका छन् । स्वदेशमा समेत लाखौंले रोजगारी गुमाएका छन् । सरकारी ढुकुटीदेखि तल खानेबाहेकको रोजीरोटीमा संकट आएको छ । स्वदेश तथा विदेशको रोजगारी गुमाएर बिचल्लीमा परेका युवाको समस्या जति सक्दो चाँडो सम्बोधन गर्नेतर्फ सरकारले ध्यान पुऱ्याउन आवश्यक छ । कोभिड महामारीको दोस्रो लहर लामो समयको लकडाउनपछि केही ब्रेक भए तापनि अहिले फेरि तेस्रो लहरको त्रास बढ्न थालेको छ । कोभिडको त्रासबाट जोगिने विकल्पका रूपमा रहेको भ्याक्सिन समयमै उपलब्ध गराउन सकेन भने अर्थतन्त्र थप अस्तव्यस्त बन्ने र झनै ठूलो संख्यामा बेरोजगारी थपिने निश्चित छ ।

पर्यटन क्षेत्रमा लाखौंको रोजगारी पाउने गरेकोमा कोभिडले नराम्रोसँग थलिन पुगेको छ । अन्य उद्योगधन्दाहरू पनि लयमा फर्कन सकेका छैनन् । व्यापार व्यवसायमा फेरि लकडाउनको त्रास व्याप्त छ । यातायात क्षेत्रले गति लिन सकेको छैन । यस्तो बेलामा सरकारको पहिलो प्राथमिकता नागरिकलाई रोग र भोकबाट बचाउनु हुन जान्छ । नेपाली घरपरिवार सञ्चालन गर्ने टेवा क्षेत्रका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रमा नयाँ डिमान्डहरू आउन थालेकाले भ्याक्सिनको चाँडो व्यवस्था गरी विदेश जान खोज्नेलाई सहज वातावरण बताइदिन आवश्यक छ । त्यसैगरी मुलुकभित्रै दिगो विकास रर रोजगारी सिर्जना गरी भविष्यमा युवाहरूलाई विदेश जानु नपर्ने वातावरण सिर्जना गर्ने दीर्घकालीन नीति, कार्यक्रमबारे सरकारले सोच बनाउन आवश्यक छ ।

# कतै यो सरकार जनआक्रोसबाट ढल्ने त होइन ?



**सुरेन्द्र ढकाल**

**शेरबहादुरको सरकारले सपथ लिएको १५ दिन नपुग्दै ललिता निवास प्रकरणमा माधव नेपाल र वावुरामविरूद्ध परेको मुद्दा सर्वोच्चबाट खारेज हुनु, विगत दुई वर्षदेखि गायव विजय गच्छेदार एकाएक सतहमा देखापरी धरौटीमा रिहा हुनु, अख्तियारले ठूला माछा पक्रन चासो नदेखाई आफ्नो कारबाही खरदार र सुब्बामा मात्र सीमित गर्नुले पनि गणतन्त्र नेपालमा भ्रष्टाचारले सरकारी मान्यता पाएको ठोकुवा गर्न सकिन्छ ।**

विगतको प्राडो पजेरो, सांसद किनबेच, असक्षमताको कालो टीका लगाएको शेरबहादुरको सरकार पूर्ण नहुँदै गन्हाउन सुरु भएको छ । राष्ट्रपति आफ्नो रबरस्ट्याम्पै भएकै कारण, संविधान मिची अध्यादेशबाट निरंकुशता लादेकै कारण दुईतिहाईबाट अल्पमतमा आइपुगी सरकारबाट सर्वोच्चको परमादेशको कारण बाहिरिन बाध्य ओलीको कुशासनबाट केही मात्रै राहत पाएका नेपाली जनतामा पुन: आक्रोस बढ्न थालेको छ ।

टोकियो ओलम्पिकमा भाग लिन पुगेकी वामदेव पत्नी तुलसा, शिक्षा र स्वास्थ्यको व्यापारबाट झण्डै खरबपति बन्न पुगेका उमेश श्रेष्ठको राज्यमन्त्रीमा नियुक्ति, नेपालको असंलग्न परराष्ट्र नीति विपरीत एमसिसी सम्झौता गर्ने ज्ञानेन्द्र कार्कीको पुन: कानुन मन्त्रीमा भर्तिसँगै एमसिसिको पक्षमा उनले सुरु गरेको लवी, त्यसको पक्षमा बोल्दा रामशरण महतले खाएको पिटाइ, एमसिसिलाई अनुमोदन गर्ने कुरामा प्रचण्डको मौन स्वीकृतिजस्ता कुराहरू अहिले सामाजिक सञ्जालमा भाइरल हुन पुगेका छन् ।

ओलीको झोले महेश बस्नेतले भ्रष्टाचारीलाई कारबाही गरे सडक आन्दोलन गर्ने चेतावनी दिनु अनि सरकारबाट त्यसको कुनै प्रतिक्रिया नहुनुले अब भ्रष्टाचार सुशासनकै अंग हुन पुगेको छ भनेर नेपाली जनताले बुझ्नुपर्ने स्थितिको विकाश भएको छ । शेरबहादुरको सरकारले सपथ लिएको १५ दिन नपुग्दै ललिता निवास प्रकरणमा माधव नेपाल र वावुरामविरुद्ध परेको मुद्दा सर्वोच्चबाट खारेज हुनु, विगत दुई वर्षदेखि गायव विजय गच्छेदार एकाएक सतहमा देखापरी धरौटीमा रिहा हुनु, अख्तियारले ठूला माछा पक्रन चासो नदेखाई आफ्नो कारबाही खरदार र सुब्बामा मात्र सीमित गर्नुले पनि गणतन्त्र नेपालमा भ्रष्टाचारले सरकारी मान्यता पाएको ठोकुवा गर्न सकिन्छ ।

यसैबीच अमेरिकी राजदुतले नेपालीमा उल्था गर्न लगाई बोलेको सन्देशमा एमसिसि चीन विरुद्धको हिन्द प्रशान्त रणनीतिकै अंग भएको तथ्य स्वीकार्दै शेरबहादुरको सरकारले एमसिसि संसदबाट अनुमोदन गर्नुको विकल्प नभएको बताउनुले यो सरकार विरुद्ध पनि सडक राम्रै तात्ने देखिएको छ । हिजो आफ्नो पालामा एमसिसि अनुमोदन गर्न नदिई सरकारलाई काम गर्न नदिएको बताउने खड्ग ओली र सुवास नेम्बाङहरू एमसिसि अनुमोदनको जस शेरबहादुरले पाएमा एमालेको आफ्नो राजनीति धराशायी हुने देखेर १८० डिग्री पर्लक्कै पल्टी एमसिसि संसदबाट ज्यान गए अनुमोदन गर्न नदिने रे भनेको कुरा पनि सामाजिक सञ्जालमा व्याप्त हुनुले राष्ट्रवाद सत्ता स्वार्थको गोटी बन्न पुगेको छ ।

हिजो एमसिसिकै कारण महराले सभामुखको पदबाट हात धुनु पऱ्यो, अग्नि सापकोटाले संसदमा एमसिसि टेबल गर्न नदिएकै कारण ओलीले दुईपटक संसद विघटन गरेको नेपाली जनताले टुलुटुलु हेरेर बसेकै हुन् । अब के त शेरबहादुरको सरकारले नेपाललाई अमेरिका र चीनको रणभूमि बनाउने एमसिसिलाई हल्का रुपबाट लिई संसदबाट अनुमोदन गराउने पहल गराउला त ? सुरुबाटै एमसिसिको विरुद्ध लागेका भीम रावलले कसको इसारामा सांसद पदबाट राजीनामा दिए अनि कसको इसारामा फिर्ता लिए त्यो पनि एक रहस्यमय कुरा हुन पुगेको छ ।

चप्पले वामपन्थीबाट राजनीति सुरु गरी खरबपति बनेका झलनाथको उपचार खर्च सरकारले व्यहोर्ने भनी शेरबहादुरले गरेको खुलासाबाट पनि यो सरकार सुरुबाटै लुटको खेतीमा लागिपरेको स्पष्टै हुन्छ । डा. गोविन्द केसीले त शेरबहादुर विरुद्ध जेहाद नै सुरु गरिसकेको अवस्था छ । अब एमसिसि विरोधी जनआन्दोलनको सामना शेरबहादुरको सरकारले कसरी गर्छ त्यो पनि हेर्न लायक हुने छ । ओलीको सरकार परमादेशबाट ढलेझैं कतै यो सरकार जनआक्रोसबाट ढल्ने त होइन ?

# भ्रष्टाचार चरम रुपमा मौलाउँदै



**गोविन्द विक**

**भ्रष्टाचारमा संलग्न जोसुकै भए पनि कारवाही गरेर भ्रष्टाचारी विरोधी सरकारको छवि बसाल्ने अवसर पनि हो यो । आर्थिक अनियमिततामा संलग्नहरूलाई राजनीतिक संरक्षण गर्ने संस्कारको तत्काल अन्त्य गर्न जरूरी छ । जुनसुकै दल होस् वा जुनसुकै दलका नेता तथा कार्यकर्ता हुन् देशको ढिकुटी दोहन गरेको आर्थिक अनियमिततालाई पक्षपोषण गर्नेहरूलाई सरकारले छुट दिने पद्धति नै गलत भएको छ ।**

नक्कली मोही खडा गरी बालुवाटारको सरकारी जग्गा व्यक्तीका नाममा नामसारी गरिएको बालुवाटार जग्गा प्रकरणमा भएको करिब २० अर्ब भ्रष्टाचार विभिन्न सञ्चारमाध्यमबाट बाहिरियो ।

अक्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवाटार जग्गा प्रकरणमा मुछिएकाहरूलाई ठूलो रकमको विगो दावीसहित मुद्दा नै दायर गरेको थियो । तर सत्ता नेतृत्व परिवर्तनसँगै भ्रस्टाचारमा मुछिएका अभियुक्तहरू समान्य धरौटीमा छुटिरहेको समाचार आउँदा राज्य नै भ्रष्टाचारीहरूको पक्षपोषक हो भन्ने स्पष्ट हुँदै गएको छ ।

मुलुकमा एमसिसिको विवादले निकै तरङग ल्यायो । एमसिसि पास गर्नु हुन्न भन्ने ठूलो जमात अहिले पनि छँदैछ । राजनीतिक वृत्तमा एमसिसिको पक्ष विपक्षमा वहसहरू हुने क्रम रोकिएको छैन । अहिले सत्ताको नेतृत्व नै परिवर्तन भएको हुनाले एमसिसि कसरी अगाडि बढ्छ त्यो त हेर्न नै बाँकी छ । एमसिसिमा उल्लेखित रकमको झन्डै आधाजति रकम त भ्रष्टाचार नै गरेर दोहन गरिएको रहेछ भन्ने तितो यथार्थ बहिरिइरहेको सन्दर्भमा भ्रष्टाचारले यो मुलुकलाई कसरी भित्रभित्रै खोक्रो बनाइरहेको छ भन्ने पुष्टि हुँदै गएको छ । मुलुकलाई फसाउँदै लगिएको हुनाले नै आज जनताले दु:ख भोग्नु परिरहेको छ ।

राज्यको ढिकुटी भ्रष्टाचारतन्त्रमा रित्तिने व्यापारीलाई कर थुपार्ने व्यापारीले वस्तुको मूल्य अस्वाभाविक वृद्धि गर्ने अनि ऋणको भारी निमुखा जनताको थाप्लोमा थुपार्ने प्रवृत्तिले तिब्रता पाएको छ । आर्थिक अनियमिततामा उच्च तहको नै संलग्नता रहँदै आएकोले लहरो तान्दा पहरो त गर्जिने नै भयो । त्यसकारण राज्यको उच्च तहमा बसेर अरबौं रकम भ्रष्टाचार गरी राज्यको दोहन गर्ने परिपाटीको तिब्र विकास हुँदै गएको छ । मुलुकमा भ्रष्टाचार कान्डमा मुछिनेहरू सबै हिसाबले उच्च ओहदामा हिजो पनि थिए र आज पनि छन् । यस्तै चाल हो भने भोलि पनि रहिरहने पक्का छ । प्रधानमन्त्री जोसुकै होस् सत्ताको साँचो जुनसुकै दलको हातमा होस् तर सबैले बोलीमा भ्रष्टाचार निर्मूल गर्ने नै भनेका हुन्छन् तर व्यवहारमा ठिक उल्टो हुँदै आएको छ । उच्च तहबाट नै सेटिङ मिलाएर भ्रष्टाचारको भडखालोमा जोसुकैको नेतृत्वमा सरकार बने पनि भाषणमा मात्र भ्रष्टाचार निर्मूल हुने कुरा सहजै अनुमान लगाउन कठिन छैन ।

वर्तमान नयाँ नेतृत्वको सरकार व्यवहारिक रुपमा नै भ्रष्टाचार विरोधी सरकार हो भने विगतमा भए गरेका सबै आर्थिक अनियमितताहरूलाई तत्काल छानविन गरी आर्थिक अनियमिततामा मुछिएकाहरूलाई कानुनको कठाघरामा उभ्याउन खुट्टा कमाउनु हुँदैन । भ्रष्टाचारमा संलग्न जोसुकै भए पनि कारवाही गरेर भ्रष्टाचारी विरोधी सरकारको छवि बसाल्ने अवसर पनि हो यो । आर्थिक अनियमिततामा संलग्नहरूलाई राजनीतिक संरक्षण गर्ने संस्कारको तत्काल अन्त्य गर्न जरुरी छ । जुनसुकै दल होस् वा जुनसुकै दलका नेता तथा कार्यकर्ता हुन् देशको ढिकुटी दोहन गरेको आर्थिक अनियमिततालाई पक्षपोषण गर्नेहरूलाई सरकारले छुट दिने पद्धति नै गलत भएको छ ।

नेता कार्यकर्ता भ्रष्टाचार अभियोगमा मुद्दा झेल्नु पऱ्यो भने राजनीतिक दल अगाडि सरिहाल्छन, नेता कार्यकर्तालाई छुटाउन । राजनीतिलाई अपराध लुकाउने सुरक्षित गन्तव्यको रुपमा लिने जमात समाजमा बढिरहेको हुनाले पनि भ्रष्टाचारजन्य क्रियाकलाप मौलाइरहेको छ । त्यसकारण यो नयाँ गठबन्धनको सरकारले भ्रष्टजन्य अपराधलाई निर्मूल पार्नका लागि ठोस रणनीतिसहित मैदानमा उत्रियो भने पक्कै पनि यो सरकार जनताको मनभित्र बस्न सफल हुनेछ । भ्रष्टाचार अन्त्य गर्ने अभियानलाई मूल मुद्दा बनाएर जनताको पक्षमा काम गर्ने राजनीतिक नेतृत्वलाई सत्तामा जानका लागि जनताले सधैं ढोका खुला नै गरिराखेका हुन्छन । र भ्रष्टाचार अन्त्य गर्ने अभियानमा सफल सानो ठूलो जुनसुकै दल भए तापनि सधैं जनताको मन जित्न सफल भएका विश्वमा धेरै उदाहरणहरू भेटिन्छन ।

सिटामोल नपाएर जनता मर्छन् तर उच्च नेतृत्व देशको ढिकुटी खोक्रो हुने गरी भ्रष्टाचारमा लिप्त छ । अनि सरकारसँग विकास गर्ने पैसा कहाँबाट होस ?

# हिंसामुक्त हुन सकेका छैनन् शिक्षित महिला पनि

■ **अञ्जली रम्तेल**

**सधैं नयाँ खालको समाचारको खोजीमा रहने मिडियाकर्मीका लागि त्यो समाचार निकै नौलो थियो । सत्यतथ्य खोजी नगरी एकतर्फी रूपमा शंकरको मात्र समाचार आउन थालेपछि भने देवीले पनि त्यसको प्रतिकारका लागि सञ्चारमाध्यम नै रोजिन् ।**

महिलामाथि हुने हिंसाबारे प्रहरी तथा महिला सेलमा पुग्दा धेरैजसो मुद्दा मेलमिलापमा नै टुङ्गिने गरेका छन छन् । त्यसैले पनि सम्बन्धविच्छेदका लागि अदालतसम्म थोरै मात्र मुद्दा पुग्ने गरेका छन् । त्यसो त सम्बन्धविच्छेद घरेलु हिंसाको समाधान भने होइन, यसका लागि कानुनको कार्यान्वयन र मानिसक को प्रवृत्तिमा सुधार हुनु आवश्यक छ ।

पढाइले उनी स्नातकोत्तर अध्ययनरत हुन्, उनलाई महिलामाथि हुने सबै प्रकारका हिंसाबारे राम्रोसँग जानकारी छ । तर, उनी स्वयम् आफूमाथि भइरहेको हिंसालाई कसरी उजागर गर्ने भन्नेबारे भने अझै स्पष्ट हुन सकेकी छैनन् । उनी हुन्- चितवनकी ३० वर्षीया देवी पौडेल, आमाबाबुको रोजाइमा आफैंले समेत हेरेर ०६२ सालमा उनको विवाह भएको थियो । उनी भन्छिन्, 'मलाई हेर्न आउँदा जाँडरक्सी नखाने र व्रत परेकाले पानी र फलफूल मात्र खाने भनी म र मेरो परिवारलाई प्रभावित पारिएको थियो । तर, त्यो सब देखावटी मात्र रहेछ ।'

जीवन सोचेजस्तो नहुँदोरहेछ भन्दै उनी भन्छिन्, 'बिहेको सुरुवातको केही समय निकै रमाइलो र माया गरेर बिताएकी थिएँ, देख्नेले पनि प्रेमविवाह हो भन्ने गर्थे । तर, केही महिनापछि नै उनको व्यवहारमा परिवर्तन आउन थाल्यो, घर ढिलो र रक्सी खाएर आउने गर्न थालेपछि भने उनको असली रूप देखिन थाल्यो । सधैं रक्सी खाएर आउन थालेपछि किन यसरी रक्सी खानुहुन्छ भनेर सोध्दा तेरो कमाइ खाएको हो र भन्दै पिट्नसमेत थाले ।' लोग्नेले पिटे पनि माया गर्ने त फेरि लोग्ने नै हो नि भनेर त्यतिबेला आफूले सहेको पनि उनले बताइन् ।

शारीरिक र मानसिक हिंसाकै बीच उनी गर्भवती बनिन् । छिट्टै सन्तान जन्माउने इच्छा नभए पनि त्यसबाट उनी त्यति धेरै दु:खी भने भइनन् र आफ्नो पढाइलाई निरन्तरता दिइनै रहिन् । बच्चा जन्मिसकेपछि पनि उनीमाथि हिंसा हुन छाडेको थिएन । झन् उनलाई मानसिक रोगीको संज्ञा दिन थालेका थिए उनका श्रीमान्ले । प्रत्येकपटकको झगडामा तँ पागल मेरो जीवनबाट हट्, सम्बन्धविच्छेद गर्छु भन्नेजस्ता कुरा गर्न थालेको उनले बताइन् ।

आफूबीचको सम्बन्ध पक्कै पनि ठीक हुन्छ भन्दै करिब चार वर्षसम्म उनले श्रीमान्को यातनालाई सहेरै बसिन् । बिस्तारै उनीमाथिको हिंसा बढ्न थालेको थियो । आफू बाहिर जाँदा श्रीमान्ले कोठामा अर्कै केटीसमेत ल्याउने र आफूमाथि मरणासन्न हुनेगरी कुटपिट हुन थालेपछि भने असैह्य भएर उनले प्रहरी महिला सेलमा गएर न्याय मागिन् । तर, त्यहाँबाट पनि उनले न्याय भने पाउन सकिनन् । पछि श्रीमान् कोठामा नै आउन छाडेपछि भने छोराको शिक्षादीक्षा सम्पूर्ण आफैंले व्यहोर्नुपर्ने भयो । जागिरको खोजी गर्दै उनले छोरालाई हेर्न थालेको भए पनि पुन: श्रीमान्ले उनीबाट छोरासमेत खोसे ।

छोराको विद्यालयमा नै गएर श्रीमान्ले छोरालाई लैजाने, आफूसँग भेट्न नदिने र विद्यालयले पनि उनीसँग बच्चालाई भेट्न नदिन थालेपछि प्रहरीकहाँ गइन् ।

(क्रमश:)

# मैले देखेको १६९ औं विश्व पर्यटकीय केन्द्र

# आडेलाइडको माक्लारेन उपत्यका

सुरेन्द्र ढकाल



होचा पर्वतीय श्रृंखलाको काखमा रहेको माक्लारेन उपत्यका र अंगुरको बगैंचा



माक्लारेन उपत्यकामा रहेको धेरैमध्ये एक वाइन कारखाना

भोलिपल्ट मार्च १३ को एकाबिहानै ब्रेकफाष्ट गरी ९ बजे नै हामी सबै आआफ्नो अतिथिदाताको कारमा आडेलाइडको नजिकै ३० किलोमिटरको दूरीमा रहेको माक्लारेन उपत्यका अवलोकन गर्ने उद्देश्यले त्यतातिर लाग्यौं । ७० भन्दा बढी अंगुर फार्मसहित

अंगुरको १९ वटा रक्सी बनाउने कारखाना (वाइनरी) भएको उक्त स्थल पुग्दा कताकता हामी इलामको कन्याम चिया बगानतिर पो पुग्यौं कि भन्ने आभाष हुँदो रहेछ । फरक त्यति हो कि त्यो ससानो समतल मैदानजस्तो देखिने ओरालो उकालो परेको भूमि अनि चियाको बुटाको सट्टामा अंगुरका बोटहरू ।

मार्च महिना मध्यगर्मी अनि कति अंगुरका बुटाहरू पानी नपाएर फलेका अंगुरहरू चाउरिँदै गएर सुकेर किसमिसजस्तो बनेको हामीले देख्यौं । त्यहाँ हामीलाई त्यहाँको अंगुरको रक्सी चखाउने कार्यक्रम पनि थियो । त्यसैअनुरूप ५।६ वटा वाइनरीहरू चहार्दै जाँदा हामीले विभिन्न थरिका वाइन पनि चाख्दै गइरहेका थियौं । आफू त सन् १९८५ देखि १९९२ सम्म इटली र दक्षिण जर्मनीमा बसेको हुँदा वाइनरी र वाइन टेस्ट मेरो लागि नौलो कुरा थिएन तर हामीसँग जाने रोटेरियन मित्रहरूले त्यो दिन पुरै मनोरञ्जन लिए ।

प्राकृतिक मनमोहकस्थल, सबैतिर हरियाली, पाकेर लट्किरहेका राता र सेता अंगुरहरू अनि त्यसैबाट बनेका राता र सेता अंगुरका वाइन चाख्दै बरालिन पाएपछि के चाहियो । त्यो साँच्चै स्वर्गीय आनन्द थियो ।

इतिहास खोतल्दै जाँदा त्यहाँ सन् १८३८ देखि नै अंग्रेजहरू John Reynell र Thomas Hardy ले अंगुरको खेती शुरू गरेका रहेछन् । यसलाई अष्ट्रेलियाको सबैभन्दा पुरानो अंगुर फार्मको रूपमा लिइँदो रहेछ । त्यतिबेला नै यो क्षेत्रले गुणात्मक वाइन उत्पादनको लागि विश्व प्रसिद्धि कमाइसकेको रहेछ । सन १९०३ तिर आइपुग्दा त त्यहाँ १९ वटा रक्सी कारखाना स्थापना भई ३० लाख लिटर वाइन उत्पादन गर्ने क्षमता भइसकेको रहेछ ।



व्यवस्थित रूपमा गरिएको अंगुरको खेती



फार्ममा फलेका राता अंगुरहरू



फर्मभित्र रहेको रेस्टुराँमा पर्यटकहरू




फार्ममा फलेका सेता अंगुरहरू

न्यानो सुख्खा हावापानी, माथि पहाडी श्रृंखला अनि तल सेन्ट भिन्सेन्टको खाडीबाट आउने ताता र चिसा हावाको संगमस्थल भएको अनि फरक फरक उचाइमा रहेको उपत्यका जस्ता वातावरणीय विविधताको कारण पनि यहाँ उत्पादन हुने अंगुरहरूमा गुणात्मक विविधता पाइने कुरा बताइँदो रहेछ । त्यहाँको हावापानी, माटोको गुणमा भएको विविधता, नजिकै रहेको पर्वतीय श्रृंखला, सामुद्रिक प्रभाव आदि जस्ता कुराले माक्लारेन उपत्यकाको अंगुर अनि त्यसबाट बनेको वाइनलाई विश्व प्रख्यात बनाएको कुरामा उनीहरू गर्व गर्दा रहेछन् ।


झण्डै समुद्री तटसँग जोडिएको अंगुर फार्म भएको कारण समुद्रमा पौडी खेलेर वाइनसँग दिउँसोको खाना खाएर मनोरञ्जन गर्न चाहने पर्यटकहरू त्यहाँ पुग्दा रहेछन् ।

त्यहाँ उत्पादन हुने वाइनका ब्राण्डहरूमा मुख्यतः सिराज (Shiraz), क्याभेरनेट सोभिग्नो (Cabernet Sauvignon) ग्रिनास (Grenache) र सारडोन्नी (Chardonnay) हरू पर्दा रहेछन् । हाम्रो त्यस दिनको दिउँसोको खाना त्यहीँको एक रेष्टुराँमा भयो । दिनभर मज्जाले माक्लारेन उपत्यकामा बिताइ ४ बजेतिर हामी आडेलाइड फर्कियौं । यस प्रकार हाम्रो आडेलाइडको चार दिनको बसाइ सम्पन्न भएको थियो ।



फार्ममा फलेका सेता अंगुरहरू

# नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम पूरा गर्ने रणनीति तथा कार्यनीतिहरू-२




■ शम्भुराम श्रेष्ठ

माथि उद्धृत नेपाली क्रान्तिको कार्यक्रम र त्यसको रणनीति क्रान्तिका सबै ठोस अवस्थाहरू र विशेषताहरूको पूरापूर अध्ययन र विश्लेषण गरी त्यसकै आधारमा तयार पारिएका थिए। त्यसकारण ती दुइटै आधारभूत रुपले सही थिए। नेपाली कम्युनिस्ट आन्दोलन त्यसरी क्रान्तिका ठोस अवस्थाहरूको विस्तृत अध्ययन गरी तयार पारिएका कार्यक्रम र रणनीति सम्बन्धी पहिले दस्तावेज त्यो नै थियो। त्यसभन्दा अघि नेपाली कम्युनिस्ट आन्दोलनको ठोस एवं सर्वागिंण रणनीति नै थिएन। जो नेपाली कम्युनिस्ट आन्दोलनको अति अति नै ठूलो कमजोरी थियो र त्यसले गर्दा सिंगो कम्युनिस्ट आन्दोलन नै स्वयं स्वफूर्तताको दलदलमा रुमल्लिइरहेको थियो। अर्थात् नेपाली कम्युनिस्ट आन्दोलन सधैंजसो दोबाटोमा रुमलिइरहेको थियो। अन्तमा, अर्थात् २०४६ सालको जनआन्दोलनको लगत्तै २०४७ भाद्र १२-१३ गते काठमाडौं सहरको ढल्को टोलमा आयोजित स्थापना सम्मेलनले कम्युनिस्ट आन्दोलनको यो अभाव पूरा गरिदियो। तर उपरोक्त नेपाली क्रान्तिको सही रणनीति कार्यान्वित भएन अथवा हुन पाएन। किन ? के कारणले ? त्यसो हुनाका दुइटा कारणहरू थिए। पहिलो कारण त सम्पूर्ण रुपमा नेपाली कम्युनिस्ट आन्दोलनलाई २०२६ सालदेखि एकीकरण गर्न कार्यरत भइआएको कम्युनिस्ट जमात भर्खर भर्खर मात्रै नेपाली कम्युनिस्ट लिगमा रुपान्तर भएको थियो। नेपाली कम्युनिस्ट लिगले संगठनात्मक रुपले विल्कुलै विस्तार र सुदृढ हुन पाएको थिएन। त्यस्तो अवस्थामा नेपाली कम्युनिस्ट लिगले आफूले अपनाएको क्रान्तिकारी रणनीति जतिसुकै सही भए पनि त्यसलाई कार्यान्वित गर्नका लागि आवश्यक न्यूनतम ताकत समेत नहुनु स्वाभाविक थियो। त्यसो हुनुको दोस्रो कारण के थियो भने २०४६ सालको जनआन्दोलनको फलस्वरुप नेपालमा २०१५ सालको संसदीय आमनिर्वाचनको ३५ वर्षपछि दोस्रो आमनिर्वाचन हुने माहौलले देश व्याप्त थियो। जसलाई विल्कुलै नजरअन्दाज गर्न सकिँदैनथ्यो। त्यसमा पनि संसदीय व्यवस्था प्रतिको जनताको भ्रम हटिसकेको थिएन। त्यस्तो स्थितिमा त्यसप्रतिको जनताको भ्रम हटाउने निम्ति पनि हामीहरूले संसदीय आमनिर्वाचनमा मात्र भाग लिनु आवश्यक थियो।

कुरा त्यति मात्रै थिएन। व्यापक जन आधार र राजनीतिक प्रभावको दृष्टिकोणले नेपालका कम्युनिस्ट समूहहरू एकीकृत नै नभए तापनि तिनीहरूले एउटा निर्वाचन क्षेत्रमा एउटा मात्र कम्युनिस्टलाई (जुनसुकै समूहको भए पनि) उम्मेदवार खडा गर्ने हो भने २०४८ सालको आमनिर्वाचन अत्यधिक बहुमतले कम्युनिस्टहरूको विजय हुने र संसद उनीहरूको कब्जामा पर्न जाने कुरा निश्चित थियो। त्यस अवस्थामा हामी संसदबाटै नेपाली समाजलाई क्रान्तिकारी रुपान्तरण गर्नका लागि आवश्यक विधेयकहरू पारित गराउन सक्ने थियौं। प्रतिक्रियावादी खेमाबाट हाम्रो क्रान्तिकारी रुपान्तरणको कार्यमा कुनै बाधा पुऱ्याउने काम भएन भने हामी संवैधानिक तथा शान्तिपूर्ण तवरले नै अगाडि बढ्दै जाने थियौं र प्रतिक्रियावादी खेमाबाट २०१७ सालमा राजा महेन्द्रले सैनिक 'कु' गरेजस्तै संवैधानिक रुपले बनेको हाम्रो सरकार र त्यसका क्रान्तिकारी कार्यहरू विरुद्ध सैनिक कारबाही भएमा सोही मुताविक हामीले सम्पूर्ण विश्वलाई हामीलाई संवैधानिक एवं शान्तिपूर्ण तवरले काम गर्न नदिएको हुनाले हामीहरूले त्यसको सशस्त्र प्रतिकार गर्न बाध्य हुनुपऱ्यो भनेर सम्पूर्ण विश्वलाई भन्न सक्थ्यौं। आम निर्वाचनमा हामी कम्युनिस्टहरूको अत्यधिक बहुमतले विजय हुने कुरा २०४८ सालपछिका दुइटै आम निर्वाचनहरूमा हाम्रो पक्षमा बहुमत आएको तथ्यबाट सत्य सावित गऱ्यो।

देशमा त्यस समय विद्यमान उपयुक्त राजनीतिक स्थितिलाई ध्यानमा राखी नेपाली कम्युनिस्ट लिगको केन्द्रीय कमिटीले नेपालका सबै कम्युनिस्ट समूहहरूको एउटा बृहत बैठक आयोजना गर्ने निर्णय गऱ्यो र सोही निर्णयअनुसार लिगको तर्फबाट महासचिवको हैसियतले मैले सबै कम्युनिस्ट समूहहरूका केन्द्रीय कमिटीहरूलाई उक्त बैठकमा सहभागी हुन आआफ्नो प्रतिनिधि पठाउन अनुरोध गर्दै पत्र लेखिपठाएँ। पहिलो बैठक मेरै न्हयोखा टोलस्थित घरमा बस्यो, जसमा नेकपा (मसाल) का प्रतिनिधिबाहेक, अरु सबै कम्युनिस्ट समूहहरूबाट आआफ्नो समूहको प्रतिनिधित्व गर्दै मदन भण्डारी, किरण वैद्य, तुलसीलाल अमात्य, निर्मल लामा, नारायणमान बिजुक्छे, विष्णुबहादुर मानन्धर, कृष्णराज बर्मा, कृष्णदास श्रेष्ठ र प्रभुनारायण चौधरी आदि उपस्थित थिए।

(क्रमशः)

# खानामा प्रयोग हुने जडीबुटी

**आर.बी. बुढाथोकी**



व्यावसायिक रूपमा खाना पकाउँदा सयौं जडीबुटी (हर्बल्स) को प्रयोग हुन्छ। धेरैको सोचाइ जडीबुटी भन्नेबित्तिकै औषधिका रूपमा मात्रै प्रयोग हुन्छ होला भन्ने हुन्छ तर पकवानमा पनि जडीबुटीको ठूलो महत्व छ।

विशेष गरेर युरोपियन मुलुकहरूबाट खानामा जडीबुटी मिसाउने चलन सुरु भएको पाइन्छ, तर अहिले संसारका प्रायः सबै देशले बुझेर वा नबुझीकनै पनि खानामा जडीबुटी प्रयोग गर्दै आएका छन्। हामीले नेपाली खानामा प्रयोग गर्ने धनियाँ, पुदिना, मेथी, जिम्बु, छ्यापी, डन्डु यी सबै जडी हुन्। यिनहरूले शरीरमा रोगप्रतिरोधात्मक शक्ति बढाउन भूमिका निर्वाह गरिरहेका हुन्छन्। यी मसलाजन्य सामग्री (हर्बल्स)ले हाम्रो शरीरमा के फाइदा गरिरहेका छन् भन्ने नजाने पनि हामी वर्षौंदेखि प्रयोग गर्दै आइरहेका छौं।

विशेषगरी भारत, चीन, बेलायत, जापान, युरोप, अमेरिका, अस्ट्रेलिया, मेक्सिको र थाइल्यान्डले आ-आफ्नो खानामा प्रयोग गर्ने सबै जडीबुटी फरक छन्। खानामा जडीबुटी मिसाउँदा खानाको स्वाद (फ्लेबर) बढाउने मात्र होइन, स्वास्थ्यवर्द्धक पनि हुन्छ। सबै जडीबुटीको आ-आफ्नै स्वाद हुन्छ र स्वास्थ्यलाई पनि भिन्नभिन्न रूपमा फाइदा पुऱ्याएको हुन्छ।

जडीबुटी नमिसाई बनाएको खानामा के नपुगेको के नपुगेको जस्तो हुने हुँदा हरेक खानामा आफ्नै हिसाबले जडीबुटी मिसाएर पकाइने एक 'स्ट्यान्डर रेसिपी' हुन्छ। तारे होटल तथा व्यावसायिक किचनहरूमा त यसको झन् महत्व छ। युरोपेली जडीबुटीहरू पनि अहिले नेपालमै उत्पादन हुने हुँदा आयात गर्नुपर्ने बाध्यता छैन। पहिलापहिला पकवानमा चाहिने जडीबुटी नेपालमा उत्पादन नहुँदा बाहिरबाट ल्याएको सुकेको (ड्राइ) हर्बल्सहरू प्रयोग गरिन्थ्यो, तर अहिले यहीँ सहजै पाइन्छ।

खानामा प्रयोग हुने जडीबुटी विश्वभर सयौं छन् र अहिलेको व्यावसायिक किचनका लागि यो अनिवार्य नै भइसकेको छ। तुलसी (बेजिल), पुदिना (मिन्ट), रोजमेरी, थाइम, ओरेगानो, सिलेन्त्रो, प्रार्सी, चाइबस, दिल (सोप), सेज, तारागन, धनियाँ, बेलिप्स, लेमन ग्रास, लेमन लिप्स, फिनेल, चामोमाइल, लेभेन्डर, क्याटनिभ, कुल्यान्त्रो, चार्भिल, विन्टर सभोरी, स्प्रिङ ओनिन (हरियो प्याज), ग्रिन गर्लिक (हरियो लसुन) स्प्रिङ पम्किन (फर्सीको मुन्टा) पेपरमिन्ट, स्टिभिया, सेलरी, लिक, रुकुला, रकेट लिफ्स, वाइड पेपर आदि प्रमुख छन्।

# राष्ट्रिय सहकारी बैंकको वासलातमा ४१ प्रतिशतको वृद्धि

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडले आर्थिक वर्ष २०७७/०७८ मा ४१ प्रतिशतले वासलात वृद्धि गरेको छ। बैंकले आज गतआ.ब.को चौथो त्रैमासको वित्तियविवरण सार्वजनिकगर्दै ७१ अर्ब ६८ करोडको वासलातको आकार कायमभएको जनाएको हो।

यस अवधिमा बैंकको शेयर पूंजी २ अर्ब ८७ करोड रहेको छ भने जगेडा तथा कोषहरूमा ४६ प्रतिशतको वृद्धिदर सहित १ अर्ब ५२ करोड सञ्चित रहेको छ। कोभिड १९ को असहज परिस्थितिमा समेतबैंकको निक्षेपमा ४२ प्रतिशतको वृद्धिदर सहित ६६ अर्ब ३४ करोड, कर्जामा ३२ प्रतिशत वृद्धिदर सहित ३५ अर्ब ९१ करोड पुगेको छ।

बैंकले कर पश्चातको खुदनाफामा ४८ प्रतिशतको वृद्धिदर हासीलगर्दै १ अर्ब ६६ लाखकमाएको छ। यस संगै बैंक एक अर्ब भन्दामाथीनाफाआर्जन गर्ने वित्तिय संस्थाहरूको क्लबमासमेत समावेश भएको छ। बैंकले यस आ.व. मा मात्र रु १ अर्ब ७४ करोड खुदब्याजआम्दानी गरेको छ र यो गतआर्थिकवर्षको भन्दा ५८% ले बढी रहेको छ।

पछिल्ला वर्षहरूमा बैंककोशाखा बस्तिार,व्यवसायतथावित्तियआकारमा व्यापक वृद्धि देखिएको छ। पछिल्लो तिनवर्षको वित्तियविवरण विश्लेषण गर्दा बैंकको वासलातमा २२७प्रतिशत, शेयर पूँजीमा १७६ प्रतिशत, कर्जा लगानीमा १९० प्रतिशत, निक्षेप संकलनमा २३२ प्रतिशत र नाफामा २१० प्रतिशतको वृद्धिदर देखिएको छ। सहकारी क्षेत्रमा सबैभन्दा ठुलो वित्तिय परिचालन गर्ने बैंकको वित्तियअवस्था"क"वर्गका केहि वाणिज्य बैंकहरू भन्दा समेत ठुलो र सुदृढ देखीएको छ।

बैंकमाहाल देशभरिका ७७जिल्लाका सबै प्रकृतिका सहकारी संघ/संस्थाहरू गरी करिब १४ हजार सदस्यहरू रहेका छन। बैंकले ७ वटै प्रदेशमा ६८ वटा शाखाकार्यालय मार्फत आफ्ना सदस्यहरूलाई सेवादिई रहेको छ। सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिंग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंकभएकाले पनिआफ्ना सदस्य सहकारी संघ/संस्थाहरूलाई दिने सेवामा सधैं अब्बल रहने भन्दै सदस्यलाई दिने सेवामाकुनै कमीहुननदिएकोले सोको सकरात्मकप्रभाव बैंकको व्यवसायमा परेको अध्यक्ष के.बी उप्रेतीले बताउनु भएको छ।बैंकको वर्तमान सञ्चालक समितिको कार्यकालभित्रनै एकखर्बको वित्तीयअवस्थाकायम गर्ने लक्ष्यनिर्धारण गरिएको र सहकरी क्षेत्रमाप्रविधिमैत्री सेवाउपलब्ध गराउने गरी बैंक अघि बढेको समेत उप्रेतीले जानकारी दिनुभयो।

बैंकले पछिल्लो तिनवर्ष लगातार १५ प्रतिशतले लाभाशं वितरण गर्दै शेयर सदस्यहरूको लगानीमाआकर्षक प्रतिफलप्रदान गरेको जनाउदै बैंकमा कारोबार गर्ने सदस्य सहकारी संघ/संस्थाहरूलाई सहकारी ऐनको व्यवस्थाअनुसार बचत र कर्जा कारोबार गर्ने १२ हजार ४६ सदस्य सहकारी संघ/संस्थाहरूलाई संरक्षितपूँजीफिर्ता कोषबाट रकम समेत वितरण गरेको बैंककाप्रमुखकार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनु भयो।

# इजरायलमा रोजगारी खुल्यो

काठमाडौं। लामो समयको तयारीपछि नेपाली श्रमिकले इजरायलमा रोजगारी पाउने भएका छन्। वैदेशिक रोजगार विभागले आज सूचना जारी गर्दै औपचारिक रुपमा इजरायल रोजगारीका लागि खुला भएको जनाएको हो।

आवेदन दिनेहरू विगतमा इजरालयलमा गई काम नगरेको र तिनका बुबाआमा, पतिपत्नी वा छोराछोरी त्यहाँ बसोबास नगरेको वा कार्यरत नरहेको हुनुपर्नेछ।


सरकारी प्रक्रियाबाट कामदार पठाउने सम्झौतानुसार आवेदन खुला गरिएकामा पहिलो चरणमा इजरायलले सुसारे (केयरगिभर) कामका लागि एक हजार नेपाली श्रमिकको आवेदन खुला गरेको छ। सूचनामा ३०० पुरुष र ७०० महिला कामदारले रोजगारीको अवसर पाउने र तिनका लागि मासिक तलव ५३०० एनआईएस (रु एक लाख ९३ हजार) तोकिएको र तलब सातामा ४२ घण्टाको हिसाबमा प्रदान गरिने जनाइएको छ। सरकारले गतवर्ष इजरायल र नेपालबीच श्रम सम्झौता गर्दै पहिलो चरणमा ५०० कामदार पठाउने समझदारी गरेको थियो।

इजरायल जाने कामदारले खानाको प्रबन्ध आफैंले मिलाउनुपर्ने तर बस्ने प्रबन्ध भने रोजगारदाताले नै उपलब्ध गराउने भएको छ। रोजगारीमा जाने करार अवधि एक वर्षको हुने भए पनि करार थपेर पाँच वर्षसम्म बस्न पाइने जनाइएको छ।

नियात्रा

# वाराणसी सम्मेलनका अन्तर्गाथा-३

✍ - रामप्रसाद पन्त




यही असहिष्णु अतिवादको प्रतिफल हो – विश्वनाथको द्वारैमा ज्ञानवापी मस्जिद बन्नु र सामाजिक असहजता बढाउनु। कुन बेला धार्मिक सन्तुलन बिग्रिन्छ र नियमन गर्न पुलिसको आवश्यकता पर्छ, त्यसै भएर बसेको छ गल्लीका मुखमुखमा पुलिसको झुन्ड गोलीगठ्ठा र डन्डासहित।

हामी विश्वनाथको द्वारमा पुगेका छौँ तर पण्डाहरूको पैसा झार्ने हुटहुटी र पुलिसको खानतलासदेखि वाक्क भएर फर्कन्छौं मूलसडकतिर। खाना खाने समय भइसकेको छैन, अझ केही बेर हामी घुम्न सक्छौं। यसर्थ हामी बुलानाला हुँदै मैदागिनचोकसम्म पुग्यौं। मैदागिन, अर्थात् वाराणासी शहर प्रवेश गर्ने मुख्य चोक।

महाराजा अग्रसेनको सालिक त्यहीँ छ, माहेश्वरी मन्दिर त्यहीँ छ, भारतेन्दु हरिश्चन्द्र पार्क त्यहीँ छ, हरिश्चन्द्र स्नातकोत्तर महाविद्यालय त्यहीँ छ। पुरानो साहित्यिक संस्था नागरी प्रचारिणी सभा त्यहीँ छ, गान्धी आश्रम सिल्क खादी भवन त्यहीँ छ। राजीव गान्धी र लालबहादुर शास्त्रीका शालिकहरू त्यहीँ छन्।

हेर्दा हेर्दै देखियो– दूध कर्नर। फराकिलो कराहीमा लामै पन्युले दूध चलाइरहेको र डाडुले उभाउँदै उपभोक्तालाई दिँदै गरेको दृश्यले हाम्रो मन थामिएन। मलाई त चालीस वर्षअघि विद्यार्थी अवस्थाको झझल्को आयो। बीस पैसा तिरेपछि बडेमाको गिलासै भरि घोट्ता घोट्ता रातो भएको र तर छाएको दूध खान पाइन्थ्यो। दूध सँगै खारिएका जेरीको आस्वाद त झनै के बयान गर्ने ?

मेरा यस्तै सम्झनाहरू थिए, रोचक दाइ र ठाकुर शर्माका पनि आ-आफ्नै सम्झना थिए। बाक्लो तर हालेको दूध गिलासमा सुप्क्याउँदै गर्दा रोचक दाइलाई खुवाले तानेछ। एक पाउ खुवा माग्यौं र दूधलाई सितन बनायौं। मजा आयो, मनै तृप्त भयो।

बनारस पुगेपछि खानुपर्ने कुरा त अरु पनि थिए – रवडी, दही, पेडा र पान। मनले चाहेपछि प्राप्त नहुने कुरै के छ र ? त्यो अवसर पनि मिल्ला !

तर अहिले भने खाना खानुपर्छ र जानुपर्छ राजघाट, योजना बुन्दै छौं हामी।

कसैले खाइसके होलान् ! कसैले खाँदै होलान्, कोही घुम्दै होलान् ! जसले जेसुकै गरुन्, हामीचाहिँ खान्छौं र राजघाटतिर पाइला चाल्छौं।

हो, हामीले त्यसै गऱ्यौं– खाना खाई फर्केर आयौं, त्यही मैदागिन चोकमा र अटो चढ्यौं राजघाटलाई लक्ष्य बनाएर। ठगको फेला परिएछ फेरि। अटो चालकले 'आ गया राजघाट' भन्यो र ओर्लियौं गङ्गाको माथिपट्टि डिलमा। सिँढी ओर्लिंदै गर्दा त के हुन्थ्यो राजघाट ! तेलियाघाट पो रहेछ। राजघाटको दुईतले पुल देखियो झन्डै एक किलोमिटर पर।

गङ्गा किनारमा ओर्लेर पुलतर्फ पाइला बढाउँदै गर्दा हामीले महसुस गऱ्यौं, यथार्थमा हामी ठगिएका रहेनछौं, फाइदामै रहेछौं। रिक्सावालाले राजघाटको पुलमा लगेर छोडिदिएको भए हामीले तेलियानगरको सम्पूर्णानन्द विश्वविद्यालयको अवलोकन पनि गर्न पाउने थिएनौं र घाटहरूको पैदल यात्रा पनि गर्न पाउने थिएनौं।

हामी तेलिया घाटबाट नयाँघाट, प्रह्लाद घाट, निषाद घाट, रानीघाट, पञ्चअग्नि अखडा घाट हुँदै राजघाट पुग्यौं। तीन/चार वर्षअघिमात्र बनेको, तलबाट रेल र माथिबाट मोटरगाडीहरू चल्ने करिब डेढ किलोमिटर लामो त्यस मालवीय पुलमा टाँसिएर फोटोहरू खिच्यौं र अटोमै फर्कियौं। फर्कंदाको अटो सार्वजनिक भएकोले प्रतिव्यक्ति रु आठको सट्टा पन्ध्र रुपैयाँ तिर्नुपरेन।

मैदागिनमा अटोबाट ओर्लंदा हामीसँग अलिकति समय बचेको थियो। कार्यक्रम तीन बजेदेखि सुरु हुने हो र त्यो कार्यक्रम धर्मशालामै सम्पन्न हुने हो भने आधा घण्टा अघि पुग्दा भइहाल्यो नि ! अहिले भर्खर एक मात्र बजेको छ भने यहीँ नजिकैका मृत्युञ्जय मन्दिर र कालभैरव मन्दिर किन नजाने र मृत्युञ्जय र भैरवको दर्शन गरेर स्वस्ति शान्तिको कामना किन नगर्ने ?

हामी मैदागिन चोकसँगैको एउटा गल्लीबाट उत्तरतर्फ लाग्यौं। करिब आधा किलोमिटर भित्र भेटियो मृत्युञ्जय मन्दिर। मुख्य मृत्युञ्जयस्थान द्वारनेरै रहेछ। करिब बीस स्क्वाएर फुटको चारकुने जलकुण्डमा जडित ज्योतिर्लिङ्गमा जलहरीबाट जलमिश्रित दूधको धारा झरिरहेको थियो। द्वारबाट भक्तहरूले फूल प्रसाद र अभिषेकका लागि दुग्धपात्र र जलघडाहरू दिइरहेका थिए। पुजारीले भगवान् लाई अर्पेर भक्तहरूलाई फूल प्रसाद दिइरहेका थिए।

हामी त्यहाँबाट अरु भित्र गयौं र भित्र-भित्र गयौं। यस प्रकारका मृत्युञ्जयका जलकुण्डहरू त्यहाँ कति रहेछन् कति ! भक्तहरूले मृत्युञ्जयको पूजा अर्चना गर्न चाहे भने प्रत्येकलाई त्यो सेवा उपलब्ध गराउन सकिने गरी निर्माण गरिएका रहेछन् मृत्युञ्जयका अनन्त जलकुण्डहरू। हामीले देख्यौं– स्वस्ति शान्ति गर्ने भक्तहरू र गराउने पण्डितहरू पूजामा व्यस्त थिए।

हामी त्यसै गरी मैदागिन फर्कियौं र दक्षिणतर्फको गल्लीमा पस्यौं। कालभैरव देखिए धुम्रवर्णमा होइन, श्वेतवर्ण अनुहारमा। तर कालभैरवका प्रतीक मुकुण्डाहरू भने कालो रङमा पसलहरूमा झुन्डिएका थिए।

मन्दिर प्रदक्षिणा गर्दै जाँदा हामीले देख्यौं, उच्चासनमा बसेका जोगी, सन्यासी र सन्तहरूले मयुर प्वाँखको मुठाले भक्तहरूको शिरमा जलसिञ्चन गर्दै थिए र बिउत लगाइदिँदै थिए। 'बेटे इधर आओ, स्वस्तिशान्ति करो' भन्ने आवाज ओकल्न पनि बिर्सेका थिएनन् उनीहरूले। तर हामी तिनीहरूको फन्दामा पर्नेवाला थिएनौं।

त्यसपछि भने हामी जगदम्बा धर्मशाला फर्कियौं। बिराटनगरबाट दधिराज सुवेदी, गङ्गा सुवेदी, दिनेश सुवेदी, इन्दु सुवेदी, गोपाल भण्डारी र राधिका गुरागाईंहरू हाम्रै समारोहमा सम्मिलित हुन आएका रहेछन्। खुशी आदानप्रदान गऱ्यौं।

तर तीन बज्दा पनि कार्यक्रमको कुनै चहलपहल देखिएन। दुर्गाप्रसाद श्रेष्ठबाट कति अतिथिहरू आमन्त्रित गरिएका छन् ! हामीलाई एकिन जानकारी थिएन। यतिमात्र थाहा लागेको थियो, विएचयुको भारतीय भाषा विभाग अन्तर्गत नेपाली प्रभागका प्रमुख दिवाकर प्रधान प्रमुख अतिथिको रुपमा आउने छन्।

३. कार्यपत्र र सम्मानपत्रहरू

जगदम्बा धर्मशालाको भुईंतलाको एकतर्फ श्रीमती रानी साहिवा जगदम्बाकुमारी देवीज्यूको तस्बिर र दायाँबायाँ मदनेश्वर मन्दिर र माता त्रिपुरा मन्दिरहरू छन्। अरु तीनतर्फ पुस्तकालय, भोजनालय र भण्डारहरू छन्। पहिलो र दोस्रो तलामा यात्रुहरू बस्ने कोठा छन्। तेस्रो तला खुल्ला र खाली छ। त्यस तलामा प्लाष्टिक कुर्सीहरू ल्याएर फिँजाइएको छ। साढे तीन बजेतिर व्यानर टाँगिन्छ। ब्यानर बोल्दै छ–

नेपाल साहित्यिक पत्रकार संघ

साहित्यिक गोष्ठी तथा सम्मान समारोह

श्री विद्याधर्म प्रचारिणी समिति, वाराणसी

दिनाङ्क १४ फरवरी २०१७ मङ्गलबार।

काठमाडौँबाट गएका नगेन्द्रराज शर्मा, रोचक घिमिरे, मोहन दुवालदम्पती, वियोगी बुढाथोकीदम्पती, नरेन्द्रबहादुर श्रेष्ठदम्पती, निनु चापागाईं, डिआर पोखरेल, मातृका पोखरेल, लक्ष्मी उप्रेती, लक्ष्मी भट्टराई, यादव भट्टराई, ठाकुर शर्मा भण्डारी, नवराज पुडासैनी, होमशङ्कर बास्तोला, आरएम डङ्गोल, गणेश राई, अर्जुनबहादुर थिङ, सूर्य लाकोजु, गायत्री चापागाईं, चेतनाथ धमला, माधव गोज्याङ्ग्रे, रामेश्वर राउत मातृदास, प्रभुकृष्ण ताम्राकार र रामप्रसाद पन्त तथा विराटनगरबाट गएका छ जना समेत गरी तेत्तीस जना र वाराणसीबाट सहभागी भएका आठ/दश जनाको उपस्थितिमा पौने चार बजे यादव भट्टराईले उद्घोषण प्रारम्भ गरे।

तर हल्ला आयो गल्लीतिरबाट कानै खानेगरी। प्रभावित भयो, कार्यक्रम। के भएछ त भनी बुझ्दा त साँढेसङ्ग्राम भएछ गल्लीमा, मानिसहरू भागाभाग। एकछिन रोकिएर पुनः अगाडि बढ्यो कार्यक्रम।

नगेन्द्रराज शर्मा सभापति, दिवाकर प्रधान प्रमुखअतिथि, दुर्गाप्रसाद श्रेष्ठ र रोचक घिमिरे सम्मानित अतिथि, डिआर पोखरेल कार्यपत्र प्रस्तोता, निनु चापागाईं टिप्पणीकर्ता र मातृका पोखेल परिचयकर्ता मञ्चासीन अतिथि र बाँकी सबै अतिथि। (क्रमशः)

# एउटा यस्तो रोमाञ्चक प्रेम कहानी



विष्णु भट्टराई

मेरी एने इभान्सको प्रेम कहानी अहिले पनि सम्झन लायक छ । उनी इंग्ल्यान्डको युनिएटन नामक ग्रामीण बस्तीमा जन्मिएकी थिइन् । उनका बाबु पाउरोटी बेचेर परिवारको गर्जो टार्थे । मेरी राम्री भने थिइनन् । फुस्रो वर्ण, घोक्रिएको ठूलो नाक, टाँसिएको कपालले उनी कुरुप देखिन्थिन् । यद्यपि उनी सोझी थिइन् । उनका बालसखा हेनरी लिघ उनका बारेमा यसो भन्थे, मेरी अत्यन्त नराम्री विरुप थिइन्, उनको अनुहार घोडाको जस्तो थियो । मेरी र हेनरी साथी भएर पनि प्रेमबाट टाढा हुनुको कारण सायद मेरीको कुरुपपना नै थियो । उनको बिरुपबारे उनकै आफ्नै बहिनी एलिसिया समेत भन्थिन्, मेरीको रुप ढुसी परेको च्याउ जस्तै थियो ।

मेरीको स्वभाव पनि अरुभन्दा फरक थियो । कहिले उनी खेतमा बसेर विरक्तका गाना गाउँथिन् त कहिले भाइसँग झगडा गर्दै लाप्पा खेल्थिन् । हातमा पुतली लिन्थिन् र त्यो पुतलीको टाउकामा निर्दयी भएर किला ठोक्थिन् अनि फेरि त्यसैलाई छातीमा टाँसेर रुन्थिन् उनी । जब उनी किशोरी वयमा उक्लिन् उनले धार्मिक किताब पढ्न थालिन् । जर्मन संगीतको अध्ययन र कवि विलियम वर्डस्वर्थका कविता पढ्नतिर उनको रुचि बढ्यो । चर्च र धार्मिक सभामा पनि मेरीको उपस्थिति बढ्दै गयो । उनी धार्मिक कट्टरपन र रुढीवादको कडा आलोचकका रुपमा देखा परिन् । तार्किक क्षमताकी धनी थिइन् उनी । ठूला दार्शनिकहरूका तर्क र विचार प्रमाणका रुपमा पेश गर्थिन् उनी । पुरुषतर्फ उनको आकर्षण पटक्कै थिएन । सारा हेन्नेल लेखिका थिइन् । उमेरमा सारा मेरीभन्दा सात वर्ष जेठी थिइन् । सारासँग नजिकिइन् मेरी । मेरीलाई उनको मादकताले खिज्याउन थालिसकेको थियो । उन्मुक्त वैंसले उनमा कामुकता थप्दै थियो । यस्तैमा एकजना युवा डाक्टरबाट उनलाई विवाह प्रस्ताव आयो । यसबारे उनले सहेली सारासँग सल्लाह मागिन् । सारा जो ३१ वर्षकी थिइन् भने मेरी २१ वर्षकी । दुवैले विवाहका विषयमा पत्र आदानप्रदान गरे । यो सन् १८४३ को कुरा थियो । हैरान यस अर्थमा थियो कि सहेली सारालाई पत्र लेख्दा मेरीले माइ हस्बेन्ड भनेर सम्बोधन गर्थिन् । सारा पनि मेरीलाई माई वाइफ भनेरै पत्रमा लेख्थिन् । झन्डै सात वर्षसम्म उनीहरूबीच यस्तो सम्बन्ध रह्यो ।

मेरी लण्डन पुगिन् र पत्रकारिता सुरु गरिन् । सन् १८५० मा मार्क्सवादी पत्रिका (वामपन्थी) वेस्ट मिनिस्टर गजेटमा सहायक सम्पादिका बनिन् उनी । नाम चलेका लेखकहरू र तिनबाट सिर्जित रचनाको दमदार आलोचना गर्न थालिन् उनले । उनी छिट्टै चर्चामा आइन् । पत्रिकाका सम्पादक जोन च्यापम्यानसँग केही समय इलु इलु पनि चल्यो मेरीको । तर यो इलु इलुले स्थायी रुप ग्रहण गर्न सकेन । पछि उनको भेट प्रसिद्ध लेखक तथा विचारक हर्बट स्पेन्सरसँग भयो । हर्बटको स्वभाव विचित्रकै थियो । उनी हरेक महिलालाई गणितको हिसाब सोच्थे । मेरी र हर्बटको स्वभाव बिल्कुलै फरक थियो र पनि दुवैजना एकल जीवन बिताउँदै आएकाले सामीप्यता बढ्न पुग्यो । एक्लो जीवनबाट दुवै दिकदार थिए । आपसी भेटघाट र चिनजान बेड पार्टनरमा परिणत भयो । दुवै एउटै ओछ्यानमा सँगै रात बिताउन थाले । तर यो सम्बन्ध पनि लामो समय टिकेन । फिजिकल रिलेसन भए पनि उनीहरूसँगै जीवन बिताउन नसक्ने महसुस गर्न थाले । हर्बटले एकदिन साँझको छायामा प्वाक्क भनिदिए, तिमी विचित्रकी छौ मेरी । तिमीसँग कुनै पनि पुरुषले सँगै जीवन बिताउन सक्दैन । हर्बटको भनाइले मेरीमा खासै प्रभाव पारेन । उनले कुनै प्रतिवाद गर्न पनि चाहिन्न । हर्बटलाई सजिलै आफ्नो जीवनबाट बाई बाई गरिन् उनले ।

यतिबेलासम्म मेरीको उमेर ३२ वर्ष पुगिसकेको थियो । उनी अर्को पुरुष साथीको खोजीमा लागिन् । हर्बटलाई छोडेपछि उनी अनुवादतिर लागिन् । फायरवादका पुस्तकहरू र लेखहरू अनुवाद गर्दै जीवन गुजारा चलाउन थालिन् । उनको भेट १८५१ म जर्ज हेनरी लेबेससँग भयो । जर्ज कहलिएका साहित्यकार, समालोचक, दर्शनशास्त्र सम्बन्धी किताब लेखक थिए । उनका किताबहरूले राम्रो बजार लिएको थियो । उमेरमा हेनरी मेरीभन्दा दुई वर्ष जेठा थिए । हेनरी पनि कुरुप नै थिए मेरी जस्तै । उनी विवाहित थिए, चार सन्तानका बाबु । पत्नी आग्नेस जेभिर्सले हेनरीसँग दोस्रो विवाह गरेकी थिइन् । आग्नेसको पहिलो पति थोर्टन लिघ हन्ट थिए । थोर्टनतिरबाट पनि आग्नेसले तीन सन्तान जन्माएकी थिइन् । जर्ज हेनरी लेबेसको पत्रिकाका साझेदार रेनार्डसँग पनि आग्नेसको विशेष सम्बन्ध थियो । रेनार्ड वैभवशाली व्यक्ति थिए । जर्जले पत्रिकामा मेहनतसाथ काम गर्न थाले । उता रेनार्ड जर्जको अनुपस्थितिमा जर्जकै घरमा गएर आग्नेससँग शारीरिक सम्बन्ध राख्न थाले ।

आग्नेस पनि रेनार्ड जस्तै धनी परिवारकी आइमाई थिइन् । फेरि रेनार्ड राम्रा पनि थिए । जर्ज जस्ता विरुप थिएनन् । सम्पत्ति र रुप दुवै थियो रेनार्डमा । एकदिनको घटनाले लेवेसलाई घायलै बनायो । जब उनी आफ्नो घर पुगे, आग्नेस थिइनन् । उनी त रेनार्डसँग भागिसकेकी थिइन् उनलाई छोडेर । यो घटनापछि उनको भेट मेरीसँग भएको थियो । लेवेस आईमाई भनेपछि निकै सशंकित हुन्थे । पहिलो भेटमै मेरीले लेवेसका रचनाको प्रशंसा गर्नुको सट्टा तिखो आलोचना गरिन् । यद्यपि पछि मेरीलाई लेवेसले सम्मानपूर्ण नजरले हेर्न थाले । मेरीले पनि व्यर्थैमा लेवेसका रचनाको आलोचना गरेकोमा पछुतो मानिन् । दुवैले एक अर्कालाई आदर गरे । यही आदर केही समयपछि प्रेममा परिणत भयो । मेरीले लेबेससँग विवाह गर्ने प्रस्ताव राखिन् । तर लेवेसले आग्नेसले धोका दिए पनि फेरि अर्को विवाह नगर्ने निर्णय सुनाए । साथै आर्थिक अवस्था पनि राम्रो नभएको जनाए । मेरीले विवाह नै नगरे पनि उनीसँग पत्नीको रुपमा रहेर जीवन बिताउने इच्छा प्रकट गरिन् र उनीहरू दुवै अविवाहित दम्पतीका रुपमा रहे । तर यो गोप्यता एकदिन उदांगियो । लेखक, बुद्धिजीवीहरूमाझ हल्ला फैलियो । कुरुप लेवेसले बूढी मेरीलाई भगाए । तर यो हल्लाको प्रभाव मेरी र लेवेसमा अलिकति पनि परेन । उनीहरू त हनिमुन मनाउन जर्मनी पो पुगे । फ्रयांकफर्ट, बर्लिन, वाइमर जस्ता सहरहरूमा उनीहरू रमाउन थाले । झन्डै एक महिना जर्मन घुमाइपछि उनीहरू इंग्ल्यान्ड फिर्ता भए ।

इंग्ल्यान्ड आएपछि दुवैले फ्ल्याट लिएर बस्न थाले । मेरी अब मरियन इभान्स लेबेस बनिसकेकी थिइन् । बूढाबूढीको यो प्रेमलाई भने कसैले पनि मनपराएनन् । मेरीलाई आफ्नै बुबा र भाइहरूले अपमानित गरे । लेवेस पनि साथी भाइबाट टाढा भए । परिवार र साथीभाइको अपमान र घृणालाई दुवैले वास्ता गरेनन् । दुवै आफ्नै दुनियाँमा रमाउन थाले । मेरीले यही बीचमा 'एडम बिड' नामक उपन्यास लेखिन् र १८५९ मा उपन्यास प्रकाशित भयो । उपन्यासको लेखकको नाम जर्ज इलियट राखिएको थियो । आफू विवाहबाट आलोचित भएकाले पाठकहरूले नरुचाउने अनि चर्को आलोचना खप्नुपर्ने आशंका गर्दै उनले पुरुष लेखकको नाम दिएकी थिइन् उपन्यासको । गजब नै भयो- 'एडम बिड' ले ब्रिटेनमा तहल्का नै मच्चाइदियो । पहिलो पटक उपन्यासकारका रुपमा देखिएका जर्ज इलियटको सर्वत्र चर्चा चल्न थाल्यो । नयाँ पिँढीका लेखकहरूका त उनी आदर्श नै भए । लामो समयपछि जर्ज इलियट न्युनिएटनका बासिन्दा हुन् भन्ने कुरा पाठकहरूले थाहा पाए । इलियटलाई हेर्न न्युनिएटनमा भीड जम्मा हुन थाल्यो । तर इलियट कहीँ फेला परेनन् । सबै निराश भएर फर्किए । मेरी उर्फ इलियटले न्युनिएटन छोडिसकेकी थिइन् ।

एडम बिड पुस्तक सर्वाधिक बिक्री भए पनि मेरीले कुनै रकम पाइनन् । बैंक बुड पत्रिकाका प्रकाशकले एक पैसा पनि मेरीलाई नदिई किताब छापेका थिए । चर्चित पुस्तक एडम बिड लेख्ने मेरी ऐनहरू मेरीलाई भेट्न र हेर्न उनको घर गए । मेरी कपड धुँदै थिइन् । मेरीको दयनीय अवस्थाले सबैलाई हतप्रभ बनायो । अब मेरीका बारेमा प्रायशः पत्रपत्रिकाले मुख्य समाचार बनाएर प्रकाशन गर्न थाले । जर्ज इलियट अर्थात् मेरी भोकले मर्दैछिन् । यो समाचार छापिएपछि मेरीतर्फ सहयोगका हातहरू अघि बढ्न थाले । उनलाई सहयोग गर्ने मान्छेहरूको ताँती लाग्न थाल्यो, उनको घरमा । तर मेरी एक्कासी घरबाट गायब भइन् । वास्तवमा उनी कसैको पनि सहयोग लिने पक्षमा थिइनन् । 'एनी वे दिस इज लाइफ' मै उनले चित्त बुझाएकी थिइन् । दुवैजनाले न्युनिएटन छोडे र कसैले थाहा नपाउने गरी टाढा गएर बस्न थाले । मेरीले लेबेससँग चौबीस वर्ष सँगै बिताइन् । लेबेसबाट यौनसन्तुष्टि पनि प्राप्त थियो उनलाई । उनी भन्ने गर्थिन्- मेरो दिमागमा नयाँ नयाँ विचार रातको रमाइलो पछि फुर्ने गरेको छ । तर मेरी कहिल्यै आमा बनिनन् । यौनसंसर्गका बेला प्राकृतिक गर्भनिरोधक उपाय दुवैले अपनाएको रहस्य उनले पछि खोलेकी थिइन् ।

इलियटकै नामबाट सन् १८६० मा मेरीको दोस्रो पुस्तक (उपन्यास) 'द मिल अफ दि फोस' प्रकाशित भयो । १८६१ मा 'सिलास मार्नर' र १८७१ म 'ड्यायिल डेरोन्डा' लगायत सातवटा उपन्यास उनका प्रकाशित भए । 'दि स्पेनिस जिप्सी' अगाथा, अ मिरर प्रोफेट, दि डेथ अफ मोजेज, लिजेन्ड अफ जुबाल लगायत तेह्रवटा कविता संग्रह पनि उनले लेखिन् । उनले विगतमा मेरीको नामबाट जु अपमान र घृणा पाएकी थिइन्, त्यो इलियटको नामबाट फिर्ता भइसकेको थियो । अब उनी हरेकको नजरमा आदरणीय बनेकी थिइन् । नाम र दाम दुवै कमाइन उनले । उनीसँग वैभवशाली बंगला भयो, सुसारे, नोकरहरू घरमा भए, गाडीदेखि सबै वस्तु उनीसँग भए । एक समृद्ध जीवन बिताउन थालिन् मेरीले । तर लेबेस भने सन्तुष्ट बनेनन् । उनी जर्ज इलियटको नाठोका रुपमा समाजमा चिनिन थाले । १८७८ को नोभेम्बर २८ को बिहान उनी आफ्नो कोठाबाट बाहिर आएनन् । मेरी ब्रेकफास्टका लागि लेबेसलाई पर्खिरहेकी थिइन् । लामो इन्तजारपछि पनि लेबेस कोठाबाट बाहिर नआएपछि आफैं कोठाभित्र गइन् । उनले लेवेसलाई उठाउन खोजिन् । तर लेवेसको प्राणान्त भइसकेको थियो । तर उनी विचलित भइनन् न त आँसु नै खसाइन् । उनले घरमै बसेर कथा, निबन्ध, कविता, उपन्यास थुपै विधामा दखल जमाइन् । अभूतपूर्व सम्पत्तिकी मालिकिन भइन उनी । पछि उनले एडिथ सिमकोकससँग समलिंगी सम्बन्ध राखिन् । जो उनकी साथी थिइन् । लेवेस मरेको दुई वर्षपछि बैंकर जोन वाल्टर क्रससँग कानुनी बिहे गरिन् । जोन मेरीभन्दा २० वर्ष कन्छा थिए । मेरीको यो कार्यलाई समाजले उचित ठानेन । उनको सबैतिर आलोचना हुन थाल्यो । उत्ताउली पातकी बूढी भनिन थाल्यो उनलाई । मेरीलाई यो सब कुराको पर्वाह थिएन । उनी चालीस वर्षे क्रसलाई लिएर हनिमुन मनाउन इटाली गइन् । बूढी मेरीलाई जवानीमा फर्काएका थिए क्रसले । क्रससँगको सेक्समा मेरी औधी खुसी थिइन् । इटालीमा मस्तले हनिमुन मनाएर दुवै इंग्ल्यान्ड फर्किए ।

केही दिनपछि नै अचानक मेरी बिरामी भइन् । केही पहिलेदेखि नै उनको किड्नीमा समस्या देखिएको थियो । अब उनका दुवै किड्नीले काम गर्न छोड्दै गए । उनको घाँटीमा पनि इन्फेक्सन देखियो । भिक्टोरिया समयका ब्रिटेनका चर्चित लेखक जर्ज इलियटको १८८० डिसेम्बर २२ मा मृत्यु भयो । यिनै जर्ज इलियट मेरी थिइन् ।

(रिडर डाइजेस्टको सहयोगमा)







खेलकुद

## गौरिका र एलेक्ले तोडे राष्ट्रिय कीर्तिमान


टोकियो । जापानमा जारी टोकियो ओलम्पिकमा नेपालकी पौडीवाच गौरिका सिंहले राष्ट्रिय कीर्तिमान बनाएकी छिन् । टोकियो एक्वेटिक सेन्टरमा बुधबार गौरिकाले महिलाको १ सय मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान बनाएका हुन् ।

हिट चरणमा गौरिकाले १:०० :११ सेकेन्डको समय निकाल्दै राष्ट्रिय कीर्तिमान बनाएकी हुन् । हिट १ मा रहेकी गौरिका आफ्नो हिटमा तेस्रो स्थानमा रहिन् । ५० मिटरको लङ कोर्समा गौरिकाले आफ्नै नाममा रहेको कीर्तिमान भङ्ग गरेकी हुन् । यस अघि गौरिकाको नाममा १:००:६२ सेकेन्डको राष्ट्रिय कीर्तिमान रहेको थियो ।

गौरिकाले २०१९ मा दक्षिण कोरियामा भएको १८ औं फिना विश्व च्याम्पियनसिपमा राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् ।



यस्तै नेपाली खेलाडी एलेक्जेन्डर (एलेक्स) शाहले ओलम्पिकमा पौडीतर्फ आफ्नो हिटमा पहिलो हुँदै राष्ट्रिय किर्तिमान कायम गरेका छन् । टोकियो एक्वाटिक्स सेन्टरमा भएको पुरुष १०० मिटर फ्रिस्टाइल प्रतिस्पर्धा शाहले ५३.४१ सेकेन्डमा सो दूरी पार गर्दै पहिलो हिटमा प्रथम भएका हुन् ।



एलेक्सले ५३.४१ सेकेण्डमा पुरा गर्दै आफ्नो यसअघिको ५५.३८ सेकेन्डको राष्ट्रिय किर्तिमानमा सुधार गरेका हुन् । उक्त हिटमा भुटानका तेन्जिन भु, माल्दिभ्सका मुबाल आजम इब्राहिम, कोसोभोका ओल्ट कोंडीरोलि, फिलिपिन्सका , गुएना र सोलोमन आइल्याण्डका खेलाडी रहेका थिए ।

पुरुष १०० मिटर फ्रिस्टाइलमा कुल ७२ खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् भने उत्कृष्ट १६ पौडीबाट सेमिफाइनलमा पुग्नेछन् । एलेक्सको सेमिफाइनलमा पुग्ने सम्भावना भने कम रहेको छ ।

## ९७ वर्षपछि फिलिपिन्सलाई स्वर्ण

फिलिपिन्सको ओलम्पिकमा स्वर्ण जित्ने प्रतीक्षा समाप्त भएको छ । फिलिपिन्सले ९७ वर्षपछि ओलम्पिकमा स्वर्णपदक जितेको छ ।

जापानको टोकियोमा सञ्चालन भइरहेको ३२औँ ग्रष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिताअन्तर्गत भारोत्तोलनको ५५ केजी तौल समूहमा हिडिलयन डाअजले फिलिपिन्सलाई ९७ वर्षपछि स्वर्ण दिलाएकी हुन् । सन् १९२४ मा फिलिपिन्सले पहिलोपटक ओलम्पिकमा सहभागिता जनाउँदा डेभिड नेपोमुसेनोले त्यसवेला सय र दुई सय मिटर स्प्रिन्टर स्पर्धामा प्रतिस्धर्पा गरेका थिए

ओलम्पिक स्वर्ण विजेता डाअज फिलिपिन्सको एयरफोसमा काम गर्छिन् । टोकियोमा इतिहास रचेकी डाअजलाई सरकारले पुरस्कार स्वरूप चार लाख ७० हजार पाउन्ड दिने घोषणा गरेको छ । फिलिपिन्सको स्पोर्ट्स कमिसनले ओलम्पिकमा स्वर्ण जित्ने खेलाडीलाई १० मिलियन फिलिपिनी रुपैयाँ दिने बताएको छ । फिलिपिन्स सरकारले नगद साथै भविष्यमा अन्य कामका लागि डाअनलाई सहयोग गर्ने जनाएको छ । डाअज दुई वर्षदेखि मलेसियामा बस्दै आइरहेकी छिन् । ओलम्पिकमा पहिलोपटक फिलिपिन्सलाई भारोत्तोलन खेलमा स्वर्ण दिलाएकी डाअजलाई सरकारले प्रोत्साहन स्वरूप चार लाख ७० हजार पाउन्ड दिने घोषणा गरेको छ ।

## स्वर्ण जित्ने सानो देश बर्मुन्डा

टोकियो ओलम्पिकको चौथो दिन व्यक्तिगतसँगै विभिन्न देशका नाममा पनि रेकर्ड बनेको छ । यसैक्रममा बर्मुन्डा ओलम्पिक खेलकै इतिहासमा सबैभन्दा सानो देशका रूपमा स्वर्ण जित्ने राष्ट्र बन्यो । फलोरा डफले ट्रायथलनमा स्वर्ण जित्दा बर्मुन्डाले यो कीर्तिमान बनाएको हो । ६३ हजार जनसंख्या भएको बर्मुन्डाकी ३३ वर्षीय डफले ट्रायथलनको पूरै रेस पूरा गर्न एक घन्टा ५५ मिनेट ३६ सेकेन्ड लगाइन् । उनीभन्दा एक मिनेटले बेलायतकी जर्जिया टेलोर तथा अमेरिकाकी काटिए जाफेर्स रहे ।

सन् १९७६ मा बर्मुन्डाले विश्वकै कम जनसंख्या भएको राष्ट्रका रूपमा ओलम्पिकमा कास्य हात पारेको थियो । रियो ओलम्पिकपछि आफूमाथि पदक जित्ने दबाब बडेको डफले बताइन् ।

## १३ वर्षमै ओलम्पिकमा स्वर्ण



टोकियो । जापानकी स्केटबोर्डर मोमीजी निसियाले १३ वर्षको उमेरमा नै ओलम्पिकमा स्वर्ण जितेकी छन् । टोकियो ओलम्पिक-२०२० अन्तर्गत सोमबार भएको महिला स्ट्रिट स्केटबोर्डिङमा उनले स्वर्ण जितेकी हुन् । १३ वर्षीया निशिया आफूभन्दा कान्छी ब्राजिलकी रायसा लिएललाई पछि पार्दै स्वर्ण जितिन् । जापानकै १६ वर्षिया फुन्ना नकायामाले भने कास्यपदक हात पारिन् ।

ओलम्पिकमा एकै इभेन्टमा पदक जित्ने खेलाडीमा यो नै सबैभन्दा कम उमेरको पोडियम बन्यो । पदक जित्नेको औसत उमेर १४ वर्ष १ सय ९१ दिन रहेको थियो । निसियाले कुल १५.२६ स्कोर गर्दै स्वर्ण जितेकी हुन् । लिएलले १४.६४ स्कोर जोडेकी थिइन् । निसियाले ओलम्पिकमा स्वर्ण जित्ने कान्छी खेलाडीको कीर्तिमान भने तोड्न सकिनन् ।

यसअघि १९३६ को बर्लिन गेम्समा मार्जरी गेस्ट्रिङले १३ वर्ष २ सय ६७ दिनमा स्वर्ण जितेकी थिइन् । निसियाभन्दा ६३ दिन कम उमेरमा उनले स्प्रिङबोर्डमा स्वर्ण जितेकी थिइन् । यो कीर्तिमान भने टोकियो ओलम्पिकमा तोडिने सम्भावना छ । जापानकी कोकोना हिराकी (१२ वर्ष ३ सय ४३ दिन) र बेलायतकी स्काइ ब्राउन (१३ वर्ष २८ दिन)ले बुधबार हुने महिला पार्क स्केट बोर्डिङमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रेरक

## दृष्टि र ज्ञान



सम्राट अलेकजेन्डर चित्रकलाका सौखिन थिए । एक दिन उनले एकजना चित्रकारलाई दरबारमा बोलाए र एउटा घोडाको नक्सा बनाउन आदेश दिए । चित्रकारले बडो मेहनतसाथ घोडाको चित्र तयार गरे । चित्र बनाइसकेपछि उनले अलेक्जेन्डरलाई चित्र अवलोकन गर्न आग्रह गरे । अलेक्जेन्डरले चित्र हेरे र नाक खुम्च्याए ।

उनले चित्रमा यहाँ यस्तो हुनुपर्ने, उस्तो हुनुपर्ने भन्दै खोट देखाउन थाले । चित्रकारले बिन्ती गरे, मैले यति मेहनतसाथ चित्र बनाएको छु हजुर भने खोट देखाउनुहुन्छ । अलेक्जेन्डरले मुख बिगार्दै भने, चित्रै मिलेको छैन अनि ? चित्रकारले अनुरोध गरे, तपाईंको घोडा लिएर आउनोस् । सम्राटले तबेलाबाट घोडा मगाए ।

चित्रको अगाडि आउनासाथ घोडा उफ्रँदै हिनहिनाउन थाल्यो । अलेक्जेन्डरले चित्रकारसँग सोधे, यो घोडाले के गरेको बुझिएन नि ? चित्रकारले भने, यो घोडाले चित्रको घोडालाई सजीव अर्को घोडा ठान्यो र सँगै दौडन आतुर भएको छ । तपाईंको चित्र हेर्ने दृष्टि घोडाको जत्तिको पनि छैन । न त चित्र अवलोकन गर्ने ज्ञान नै छ । अलेक्जेन्डर चुपचाप भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । फाइदाको लोभले फजुल खर्च गराउन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ला । बलजफ्तीको व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ । आफ्नो उपलब्धिमा अरूले दाबी गर्न सक्छन् । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । गरेको कामबाट तत्काल फाइदा नहुन सक्छ ।

### वृष

आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । प्रयत्न गर्दा नयाँ काम फेला पर्नेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । गरेका कामबाट प्रशस्त लाभ हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल-अचल धनको उपयोगबाट फाइदा उठाउन सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने अवसर छ ।

### मिथुन

पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । विशेष भेटघाटले उत्साह जगाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ । आवश्यक पर्दा साथीभाइको सहयोग भने नजुट्न सक्छ । मेहनतले नाम, दाम र इनाम प्राप्त हुनेछ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा फाइदा हुनेछ ।

### कर्कट

आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । चिताएका काममा अलि बाधा हुनसक्छ । धार्मिक तथा सामाजिक क्षेत्रमा रुचि बढ्नेछ । रोकिएको काम सम्पादन गर्न केही समय लाग्नेछ । आफ्ना लागि फाइदा नभए पनि सेवामूलक कामले उत्साह जगाउनेछ । सहयोगीहरूको साथ पाइनेछ । दोहोर्‍याएर प्रयत्न गर्दा पहिले बिग्रिएको कामबाट लाभ उठाउन सकिनेछ ।

### सिंह

अवसरका लागि केही दौडधुप गर्नुपर्ला । परिस्थितिवश अरूका लागि अलमलिनुपर्नेछ । सम्भावना देखिए पनि ठूलो उपलब्धि प्राप्त नहुन सक्छ । केही जोखिमपूर्ण र विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । जिम्मेवारी बढ्नेछ तर स्वास्थ्य कमजोर हुनेछ । तत्काल लाभ नभए पनि पछिका लागि व्यवस्था मिलाउने समय छ । अप्ठ्यारा चुनौतीसँग सम्झौता गर्नुपर्ने परिस्थिति रहनेछ ।

### कन्या

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । मनपर्ने उपहारले प्रसन्नता दिलाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । आयआर्जनका नयाँ स्रोत समेत फेला पर्नेछन् । व्यवसायतर्फ आम्दानी बढाउन सकिनेछ । विभिन्न भौतिक वस्तुहरू जुटाउने समय छ ।

### तुला

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन् । भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ । छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ ।

### वृश्चिक

श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

### धनु

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम सिद्ध गर्न समय लाग्नेछ । हतारको निर्णयले विपरीत परिणाम निम्त्याउन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले व्यर्थैमा दुःख पाइनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । स्वास्थ्यका लागि विश्राम र आहारविहारमा विशेष ध्यान पुर्‍याउनुहोला ।

### मकर

छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । शत्रु तथा प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।

### कुम्भ

आत्तिने बानीले समस्या निम्त्याउनेछ । नयाँ जिम्मेवारी वहन गर्ने समय छ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन्, तर अहिलेको मिहिनेतले पछिलाई फाइदा हुनेछ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला । हातमा आएको मौका अरूले फुत्काउन सक्छन् । बोलीको गलत अर्थ लाग्ने समय रहेकाले व्यवहारमा सजग रहनुपर्ला ।

### मीन

मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । पहिलेकै काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा धेरै समय दिन नसकिएला । तापनि प्रयत्न गर्दा अवसर भने पाइनेछ । साथ दिनेहरू बढ्नेछन् । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सफलता मिल्नेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Proliferate = छिटै सर्वत्र फैलने गरी पड्काउनु Powerful countries tend to proliferate nuclear bomb as test to show their strength (शक्तिशाली देशहरू आफ्नो शक्ति प्रर्दशन गर्न आणविक वम परिक्षण गर्ने नाउमा पड्काउने गर्दछन)

Pyromaniac = जे कुरा पनि आगोमा हाल्ने प्रवृत्ति भएको मान्छे The pyromaniac who set fire and ran away was non other than his brother (आगो लगाई भाग्ने प्रवृत्तिको मान्छे उस्को भाई वाहेक अरू कोही होइन )

Rubble = क्षति बाट वाकिरहेको Even after 6 years of earthquake, rubble can be seen everywhere here in Kathmandu (भूकम्प गएको ६ वर्ष भइसक्दा पनि भूकम्पिय क्षतिबाट भत्की वाकि रहेका कुराहरू यहा काठमाण्डौमा देख्न सकिन्छ )

Supposition = अनुमान I do not believe in newspaper articles because they are mostly based on supposition (खवर पत्रिकामा निस्किएका लेखमा म विश्वाश गर्दिन किनकि ती अनुमानको भरमा लेखिएका हुन्छन )

Tundra = रुखहरू नभएको ठाउ Alpine land above 4000 mt. is regarded as tundra zone because there are no trees rather bushes (४००० मिटर माथिको भूभागलाई तुन्द्रा प्रदेश मान्न सकिन्छ किनकि त्यहा रुखहरू नभै झाडिमात्रै पाइन्छन )

Unprepossessing = आकर्षक नभएको The adolescents tend always to look at the mirror with the fear whether their face is unprepossessing (जवानीको खुडकिलामा चढ्न लागेकाहरू कतै आफ्नो अनुहार हेर्न लाएकको छैनकी भन्ने डरले ऐनामात्रै हेरिरहने गर्दछन् )

Vituperative = फोहरी भाषा Being gentlemen they never do vituperative dialogue (भलादमी भएका हुंदा तिनीहरू कहिलेपनि फोहरी भाषामा वादविवाद गर्दैनन )

Witticism = शब्दजालपूर्ण I rather like people who criticize openly than those who use witticism (मलाई शक्दजाल पूर्ण तरिकाले भनेर चित्त दुखाउने मान्छे भन्दा खुलेरै आलोचना गर्ने मान्छे मनपर्छ )

Ascetic = सादा, थोरैले पुग्ने Buddhist monks tend to pass an ascetic life (वौध्द भिक्षुहरूले सादा जीवन ब्यतित गर्ने गर्दछन )

Breach = उलंघन गर्नु As one of the contracting party breached the provisions made in the understanding, the other party declared the contract immediately invalid (संझौता गरेको एक पक्षले संझौतामा सहमति भएका कुराको उलंघन गरेको हुंदा अर्को पक्षले तुरन्तै संझौता खारेज गरिदियो )

## Sit बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Sit on top of = चुचुरामा हुनु His farm sits on the top of hill उस्को कृषिफार्म पहाडको चुचुरोमा छ ।

Sit for something = मा वस्नु Tomorrow they sit for examination भोली तिनीहरू परिक्षामा वस्नेछन ।

Sit bad across = झोल्लिनु The coat sits bad across the shoulders कोट कांधमा झोल्लिएको (ट्याक्क नमिलेको)छ ।

Sit well on = सुहाएको छ Her prosperity following her marriage with a rich man sits well on her धनि मानिससंग भएको विवाहको कारणबाट आएको समृध्दि तिनीलाई खुवै सुहाएको छ ।

Sit at somebody's feet oneself = अनुयायी हुनु She sat at the feet of Saibaba herself तिनी साइवावाको अनुयायी भएकी छिन ।

Sit in judgement on = फैसला गर्नु How dare you sit in judgement on me since you are not judge न्यायाधिसनै होइनौ भने म माथि फैसला गर्ने सहास कसरि गर्छौ तिमी ?

Sit on the fence = फैसला गर्ने हिम्मत नगर्नु This new judge sits on the fence even though the evidences are enough प्रमाण पर्याप्त हुंदाहुदै पनि यी नया न्यायाधिसले फैसला गर्ने हिम्मत गर्दैनन ।

Sit on one's hands = केही नगरी वस्नु She is doing all the works alone while you sit on your hands सबै काम तिनी एक्लैले गरिरहेकी छिन तिमी भने केही नगरी वसिरहेका छौ ।

Sit duck = सजिलै हमलामा पर्नु Without my gun I am sitting duck for any terrorist मेरो वन्दुक विना म सजिलै आक्रमणकारीको हमलामा पर्छु ।

Sit pretty = निश्चिन्त रहनु I am sitting pretty because I am well insured राम्ररी विमा गरिएकोले म निश्चिन्त छु ।

### सुडोकु-अंक २२७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | | | ७ | | | |
| | | | | ४ | | ९ | | |
| | १ | | २ | ३ | | ६ | | ८ |
| ५ | | ६ | ४ | | | | | ९ |
| १ | | | | | | | | ७ |
| ३ | | | | | ९ | २ | | ५ |
| ६ | | ७ | | ५ | ४ | | ८ | |
| | | ५ | | २ | | | | |
| | | | ७ | | | ३ | | |

### अंक २२६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ५ | ९ | ६ | ७ | ८ | ४ | ३ |
| ४ | ३ | ७ | ५ | १ | ८ | ६ | २ | ९ |
| ६ | ९ | ८ | २ | ३ | ४ | ५ | १ | ७ |
| ८ | ६ | ४ | ७ | ५ | २ | ३ | ९ | १ |
| २ | १ | ३ | ४ | ९ | ६ | ७ | ८ | ५ |
| ५ | ७ | ९ | १ | ८ | ३ | २ | ६ | ४ |
| ९ | ५ | ६ | ३ | २ | १ | ४ | ७ | ८ |
| ७ | ८ | १ | ६ | ४ | ५ | ९ | ३ | २ |
| ३ | ४ | २ | ८ | ७ | ९ | १ | ५ | ६ |

## समाचार संक्षेप

### मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, दक्षिणकाली नगरपालिका-९ बसिन टोलस्थित भित्री बाटोमा भारत घर भएका ४० वर्षीय तेस्वाङ दोर्जे सोमबार मृत अवस्थामा फेला परेका छन् । झापा, मेचीनगर नगरपालिका-१२ पिपलडाँगीस्थित धान खेतमा सोही नगरपालिका शरेडाँगी बस्ने ७६ वर्षीय दुर्गा बहादुर मुखिया सोमबार मृत अवस्थामा फेला परेका छन् । रुकुम (पश्चिम), त्रिवेणी गाउँपालिका-४ कुरल बस्ने २५ वर्षीया मनकला खड्का घर नजिकै बारीमा सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

यस्तै बर्दिया, बारबर्दिया नगरपालिका-१ लङ्गहवा बस्ने ३६ वर्षीय अंगानु थारु आफ्नै घरदेखि करिब ५० मिटर टाढा खेतमा सोमबार मृत अवस्थामा फेला परेका छन् । धादिङ, बेनिघाट रोराङ गाउँपालिका-२ खानिखोलास्थित बगरमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । कास्की, पोखरा महानगरपालिका-१५ अमिनतारास्थित सेती नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ३० वर्षीय महिला सोमबार मृत अवस्थामा फेला परेकी छन् ।

यस्तै काठमाडौं महानगरपालिका-१६ बालाजु चोकस्थित सडकमा हाल नाम, थर, वतन नखुलेका ३५ वर्षीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

झापा, अर्जुनधारा नगरपालिका-११ नयाँ बस्ती बस्ने ६१ वर्षीय बखत बहादुर तामाङ बिर्तामोड नगरपालिका-६ देउनीया खोलाको किनारमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । दुध लिन जान्छु भनि घरबाट हिँडेका उनी घर नफर्किएको भन्ने खबर प्राप्त हुनासाथ अस्थाई प्रहरी चौकी बुटाबारीबाट खटिएको प्रहरीले स्थानीयको सहयोगमा खोजी गर्ने क्रममा उक्त खोलाको किनारामा शव फेला परेको हो । दार्चुला, महाकाली नगरपालिका-४ महाकाली नदीको किनारामा हाल नाम, थर, वतन नखुलेकी २५ वर्षीया महिला मंगलबार मृत अवस्थामा फेला परेकी छन् ।

### दुर्घटनामा मृत्यु

काठमाडौं । पर्सा, वीरगंज महानगरपालिका-१४ पावरहाउस चोकस्थित सडकमा ना.३ ख ४६८८ नम्बरको ट्रकले ना.१९ प ८९६५ नम्बरको मोटरसाइकललाई सोमबार दिउँसो ठक्कर दिंदा मोटरसाइकलमा सवार सोही महानगरपालिका-१३ पिपरा बस्ने ३६ वर्षीय समसुल हक अंसारीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको तराई अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । दुवै सवारी साधन र चालकहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दाङ, तुलसीपुर उपमहानगरपालिका-७ पर्सेनी नजिकै रहेको नयाँ कलबट राखेको ठाँउमा घोराहीबाट तुलसीपुरतर्फ जाँदै गरेको रा.६ प ७२५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३२ वर्षीय पुरुषको मृत्यु भएको छ । यस्तै धनुषा हंसपुर नगरपालिका-९ बालगंगास्थित सडकमा प्रदेश ३-०२-००९ प.७८१९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक कमला नगरपालिका-३ पर्सा बस्ने ४० वर्षीय शंकर यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

यसैगरी रुपन्देही, तिलोत्तमा नगरपालिका-७ झलवारीस्थित सडकमा लु.४८ प ३०९८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-१६ बस्ने २२ वर्षीय मोहन पराजुलीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाईते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएकी मोटरसाइकलमा सवार उनकै श्रीमती २१ वर्षीया अनु पराजुलीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

कास्की, माछापुछ्रे गाउँपालिका-६ धिताल तल्लाफेदीस्थित सडकमा लु.२ च २७२५ नम्बरको बोलेरो जिप र ग.१२ प ५९८६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर आइतबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक पोखरा रामकृष्ण टोल बस्ने ४५ वर्षीय अर्जुन कुमार श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाईते भएका उनको फिस्टेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी, पोखरा महानगरपालिका-१७ बरालफिडस्थित सडकमा ग.१९ प ७५०९ नम्बरको स्कुटरको ठक्करबाट पैदलयात्री पोखरा बिरौटा बस्ने स्याङजा फेदिखोला गाउँपालिका-४ घर भएका ५० वर्षीय खेम बहादुर गुरुङको आइतबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको स्थानीय मेडिकलमा सामान्य उपचार पश्चात घर गएकोमा अचानक टाउको दुख्यो भन्दै बेहोस भएपश्चात उपचारका लागि गण्डकी मेडिकल कलेज पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो । स्कुटर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### डुबेर मृत्यु

काठमाडौं । मोरङ, बिराटनगर महानगरपालिका-१४ जतुवा बस्ने फुलियादेवी महतोको छोरा डेढ वर्षीय राज कुमार महतोको सोही ठाउँस्थित नहरमा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ ।

मोरङ, लेटाङ नगरपालिका-५ बस्ने शरन कुमार राईको छोरा १५ वर्षीय समृद्ध राईको सोही ठाउँस्थित मोरङ्गे खोलामा पौडी खेल्ने क्रममा डुबेर आइतबार दिउँसो मृत्यु भएको छ । सिरहा, लहान नगरपालिका-१४ बस्तिपुर बस्ने जिवछ पासवानको छोरा ६ वर्षीय सुभाष पासवानको डुबेर आइतबार राति मृत्यु भएको छ । आफ्नै घरदेखि ५० मिटर टाढा रहेको पानी जमेको खाल्डोमा डुबेर घाइते भएका उनलाई उपचारका लागि लहानतर्फ लैजाँने क्रममा बाटोमै मृत्यु भएको हो । यस्तै सिरहा धनगढिमाई नगरपालिका-१२ बस्ने कुशुमलाल मुखियाको छोरा ७ वर्षीय शिवम मुखियाको पोखरीमा डुबेर सोमबार बिहान मृत्यु भएको छ ।

आफ्नै घरदेखि करिब ३ सय मिटर टाढा सार्वजनिक पोखरीमा डुबेर अशक्त भएका उनलाई तत्काल उद्दार गरी उपचारका लागि धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

यसैगरी सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका-१४ डल्बास्थित कोशी नदीमा डुबेर सोही ठाउँ मावली घर आएका भारत सुपौल कुनौली ग्रामपंचायत-७ बस्ने सिताराम मुखियाको ८ वर्षीय छोरा विकास कुमार मुखियाको सोमबार दिउँसो मृत्यु भएको छ । नदीमा दाउरा तान्ने क्रममा डुबेर उनको मृत्यु भएको बताइएको छ ।

### हात्तीको आक्रमणबाट वृद्धाको मृत्यु

सर्लाही ।हरिवन नगरपालिका-४ गणेश चोक बस्ने ६२ वर्षीया तेतरी खाँतुनको हात्तीको आक्रमणबाट सोमबार बिहान मृत्यु भएको छ । सोही ठाउँ बस्ने आभाष रायको बिवाह घरमा जाने क्रममा जंगली हात्तीले आक्रमण गर्दा गम्भीर घाइते भएकी उनको नमुना अस्पताल हरिवन हुँदै नेशनल मेडिकल कलेज वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### छुरा प्रहारबाट १ जनाको मृत्यु

मोरङ । फुटबल खेल्ने निहुँमा छुरा प्रहार गर्दा उर्लाबारी नगरपालिका-८ राजघाट चौधरी टोल बस्ने १७ वर्षीय अभिषेक चौधरीको आइतबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँ बस्ने १९ वर्षीय निसान राई लगायतले फुटबल खेल्ने निहुमा चौधरी र सोही ठाउँ बस्ने २१ वर्षीय सुसन धामिलाई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी राजघाटबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि अरनिको अस्पताल उर्लाबारीमा हुँदै बी एण्ड सी बिर्तामोड पठाएकोमा चौधरीको उपचारको क्रममा मृत्यु भएको हो । घाइते सुसनको सोही अस्पतालमा उपचार भइरहेको छ । निज निसान राई समेत २ जनालाई नियन्त्रणमा लिई घटनामा संलग्न हाल फरार अन्य व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# DPRK-under the leadership of Kim Jong Un



On June 19, 1964, the great leader Comrade **Kim Jong Il** (1942-2011) started working at the Central Committee of the Workers' Party of Korea.

His start of working at the WPK Central Committee–this was of epochal significance in its development.

His leadership enabled the WPK to hold up the Juche idea authored by President **Kim Il Sung**, the founder of the WPK, as its immutable guiding ideology, guiding ideal.

The Juche idea, which clarifies that one is responsible for one's own destiny and one has also



the capacity for shaping it, is the ideology showing the way for the masses of the people to shape their own destiny by their own efforts.

In those days the leadership authority of the leaders of the ruling parties in several socialist countries was being abused and the world socialist movement was experiencing difficulties and trials, but the WPK consolidated its organizational and ideological unity and cohesion centred on the leader, thus safeguarding and adding lustre to the cause of party building of the leader. This is inconceivable apart from the leadership of **Kim Jong Il.**

Through energetic ideological and theoretical activities, he proved that the Juche idea is a new and original revolutionary ideology which reflects the interests of the masses and the requirements of the era of independence, and established the WPK's leadership system.

In the 1960s he developed the WPK into one which possessed strong organization and fighting efficiency. In the 1970s he proclaimed modelling the whole society on **Kimilsungism** as the ultimate programme of the WPK and achieved its unity and cohesion on the basis of the Juche idea.

In the 1980s he wisely led the struggle of creating a new speed in building the socialist economy, thus bringing into bold relief the image of the WPK as a revolutionary and militant party.

In the 1990s after the demise of President **Kim Il Sung** (July 8, 1994), he set forth the slogan "Let us arm ourselves firmly with the revolutionary ideas of the great leader Comrade **Kim Il Sung**!" and ensured that the Juche idea was raised as the invariable guiding ideology of the WPK.

In the closing years of the last century, when a radical change took place in the political landscape and balance of power of the world in the wake of the collapse of several socialist countries, he administered Songun politics in a comprehensive way. This was an event of epoch-making importance in the development of socialist Korea.

In this process, the WPK developed into a powerful party which advances victoriously the socialist cause to realize the ideal of independence of the masses without the slightest vacillation in the face of upheavals of history.

Under the leadership of **Kim Jong Il** who turned Party work into work with people, the WPK advanced the historic cause for transforming nature, society and man as required by the Juche idea by placing the main stress on ideology in the revolution and construction and stimulating the enthusiasm of the masses.

The WPK was built into a genuine motherly party that formed an integral whole with the masses and serves them.

Regarding the forming an integral whole with the masses as an important principle in Party building and its activities, a matter of vital importance to the destiny of the Party, **Kim Jong Il**, in the whole course of leading the WPK, developed it into a mass party which represents and champions the demands and interests of the people, takes root deep among the broad sections of the masses and maintains the ties of kinship with them.

He saw to it that the officials went deep among the masses and became true servants of the people upholding the slogan "Let the whole Party go among the masses!" and "We serve the people!"

It is by no means accidental that the Korean people trust in and follow the WPK regarding it as their mother.

The exploits of **Kim Jong Il** in Party building will shine forever with the invincible WPK which is advancing victoriously, full of gresh vigor **under the leadership of Kim Jong Un**, General Secretary of WPK Central Committee.

# वातावरण संरक्षणमा जुटेका यी देशहरू

सन् १९९२ मा ब्राजिलको रियो दी जेनेरियोमा अन्तर्राष्ट्रिय विश्व पृथ्वी सम्मेलन भएको थियो। यो सम्मेलनको मुख्य एजेन्डा नै पर्यावरण संरक्षण थियो। सम्मेलनमा सहभागीहरूले समयमै पर्यावरणसम्बन्धी योजना नबनाए विश्वबाट हरियाली समाप्त हुने धारणा राखेका थिए।

तीन दशकअघि ब्राजिलमा भएको यस सम्मेलनमा वातावरण रक्षा गर्नेसम्बन्धी धेरै ऐतिहासिक सम्झौता भएका थिए। यसमध्ये जलवायु परिवर्तन (क्लाइमेन्ट चेन्ज) को विषय प्रमुख थियो। यसपछि सन् २०१५ मा फ्रान्स क्लाइमेट चेन्ज सम्बन्धमा क्योटो प्रोटोकल सम्झौता भयो।

यसलाई पेरिस सम्झौता भनिन्छ। पेरिस सम्झौताअनुसार जलवायु परिवर्तनसम्बन्धी नियम कडा रूपमा पालना गर्नुपर्ने उल्लेख छ। पेरिस सम्झौताअनुरूप विश्वमा जलवायु परिवर्तन स्थिर बनाइराख्न तापक्रम २ डिग्री सेल्सियसभन्दा कम राख्नुपर्छ। यदि धेरै गर्मी भए तापक्रम १.५ डिग्रीसम्म राख्ने हो। सन् २०१५ को पेरिस सम्झौताअनुसार विश्वका निम्न आठ देशले मात्रै वातावरण संरक्षणसम्बन्धी योजनाअनुरूप काम गरेका छन्।

## बेलायत



बेलायत र फ्रान्स विश्वका यस्ता देशमा पर्छन्, जसले ग्रिन हाउस नीति लागू गर्ने कानुन सबैभन्दा पहिला बनाएका थिए। सन् २०१९ मा बेलायतले यससम्बन्धी कानुन बनाएको हो। बेलायतले सन् २०५० सम्म देशभरि नै हरियाली बनाउने लक्ष्य राखेको छ। यस्तो नीति लिने बेलायत जी-७ को पहिलो देश हो। फ्रान्सले पनि सन् २०५० सम्म ग्रिन हाउस ग्यास उत्पादन नीतिअनुरूप सन् २०५० सम्म पूरा गर्ने लक्ष्य राखेको छ।

## स्विडेन



सिंगो युरोप नै फोहोर कम उत्सर्जन गर्ने क्षेत्रमा पर्छ। सन् १९९० पछि यहाँ उत्सर्जनमा २० प्रतिशत ह्रास आएको छ। स्विडिस सरकारले सन् २००३ मा एउटा नीति निर्माण गर्यो, यो नीतिअनुसार पूरै देशमा एक प्रतिशत मात्र फोहोर राख्ने र बाँकी ९९ प्रतिशत फोहोर रिसाइकल (पुनः प्रयोग) गरिन्छ। रिसाइकलबाट बायो ग्यास उत्पादन हुन्छ। यसलाई पर्यावरण संरक्षणको राष्ट्रिय जिम्मेवारीका रूपमा स्विडिस नागरिकले लिएका छन्।

## फिनल्यान्ड




प्रदूषण कम गर्न फिनल्यान्डले राम्रो नीति अपनाएको छ। राजधानी हेलसिन्कीलगायतका सहरमा गरी २४ सय किलोमिटर साइकल लेन छ। फिनल्यान्डले सन् २०२५ सम्म मात्रै व्यक्तिगत कार राख्न पाउने नियम लागू गरेको छ। सरकारले व्यक्तिगत कारको स्थानमा सार्वजनिक यातायातलाई प्राथमिकतामा राख्न भनेको छ। यो नीतिअनुसार एक हजार लोकल बस स्टेसन हुनेछन्। ट्याक्सीहरूले जस्तै बसले पनि पिकअप एन्ड ड्रप सुविधा दिनेछन्।

## डेनमार्क



डेनमार्कका ४१ प्रतिशत नागरिक आवतजावतमा साइकल प्रयोग गर्छन्। डेनिस सरकारले सन् २०२५ सम्म ५० प्रतिशत नागरिकलाई साइकल प्रयोग गराउने नीति राखेको छ। सन् २०१६ पछि डेनमार्कमा साइकल चलाउने संख्या बढेको हो। डेनमार्कमा ग्रिन परिवाहन प्रणालीको विकास भइरहेको छ।

## नर्वे



नर्वेले सन् २०१७ देखि वातावरण रक्षा गर्न पेट्रोल तथा डिजेलबाट चल्ने सवारीसाधन प्रयोग कम गर्ने रणनीति अपनाएको छ। र, सकेसम्म बिजुलीबाट चल्ने सवारीसाधनलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ। सन् २०१९ सम्म नर्वेमा ६० प्रतिशत जनताले बिजुलीबाट चल्ने यातायात प्रयोग गर्न थालेको तथ्यांक छ।

## सिंगापुर

एसियन देश सिंगापुर विश्वकै स्वच्छ र सफा सहरमध्येमा पर्छ। यहाँको सरकारले सन २००८ मा वायु प्रदूषण कम गर्न र हरियाली कायम गर्न एउटा नियम बनाएको थियो। जसअनुसार ठूला वा सानो घरमा अनिवार्य रूपमा हरियाली हुनुपर्नेछ।



सन् २०३० सम्म सिंगापुरका ८० प्रतिशत घर हरियाली भइसक्नेछन्।

## फ्रान्स



जलवायु परिवर्तनको मुद्दा उठाउने र यसलाई नियन्त्रणमा राख्ने अभियानमा फ्रान्स पनि पछि छैन। यहाँको सरकारले वातावरण बिगार्ने र नियमविपरीत काम गर्नेहरूलाई दण्डित गर्छ। सरकारले धेरै धुवाँ फ्याँक्ने सवारीसाधन वा अन्य यातायातका साधनमाथि दुई गुणासम्म ट्याक्स लगाउने गरेको छ। पहिला वार्षिक १४ हजार डलर तिरे पुग्ने गाडीले अब २२ हजार दुई सय ४० डलरसम्म तिर्नुपर्छ।

## पेरू

दक्षिण अमेरिकी राष्ट्र पेरुले सन्



२०१८ मा पर्यावरणसम्बन्धी मुद्दा हेर्ने गरी अलग्गै अदालत बनाएको थियो। यस अदालतमा केवल पर्यावरणविरुद्ध काम गर्नेहरूको मात्रै मुद्दा हेरिन्छ। अदालतमा अवैध खानी, वनफँडानी, वातावरणीय गिरावट र वन्यजन्तु व्यापारको सुनवाइ हुँदै आएको छ। अदालत स्थापना भएको पहिलो वर्षमै तीन हजार मुद्दा परेका थिए।

-एजेन्सीहरूको सहयोगमा

## देउवा सरकार...

आईपीएस अमेरिकी सैनिक गठबन्धन हो र यसको मुख्य उद्देश्य चीनको विकास रोक्नु हो । यसकै निम्ति अमेरिकाले चीन वरिपरिका थुप्रै मुलुकमा सैनिक अखडा राखेको छ । नेपालमा पनि अमेरिकी सैनिक रहेको कुरा नेपालका लागि अमेरिकी राजदूत प्याडीबेरीले केही पहिले एक टेलिभिजनसँग अन्तर्वार्तामा स्वीकार गरेका छन् । नेपालले अमेरिकासँग संयुक्त सैनिक अभ्यास गर्दै आएको छ । नेपाली सेना र अमेरिकी सेनाले संयुक्त अभ्यास गर्न रोजेको मुस्ताङलाई संयोग मात्र मान्न सकिन्न । मुस्ताङ त्यही ठाउँ हो जहाँ ४५ वर्षअगाडि अमेरिकाले खम्पा विद्रोहीहरूलाई सशस्त्र तालिम दिएको थियो । संयुक्त सैनिक अभ्यासभित्र के कस्ता गतिविधि हुन्छन् भन्ने विषयलाई समेत गोप्य राख्ने गरिएको छ ।

प्रत्येक अमेरिकी राजदूतले नेपाल आउनासाथ मुस्ताङ भ्रमण गर्छन् । उनीहरू मुस्ताङ पुग्नुको उद्देश्य प्राकृतिक सौन्दर्य अवलोकन मात्र नभई सामरिक महत्वबारे जानकारी लिनु हो । मुस्ताङमा अमेरिकन हिमालयन फाउन्डेसन नामक एउटा अमेरिकी गैरसरकारी संस्था २०३७ सालदेखि कार्यरत छ । यो संस्थाका नाममा त्यहाँ सधैं अमेरिकी अर्धसैनिक जासुसहरू काम गर्छन् । तिब्बती जातिका बालबालिकाको शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने घोषित नीति यो संस्थाको भए पनि भित्री रुपमा चीनविरोधी गतिविधि गर्नु रहेको छ । नेपाल सार्वभौम मुलुक हो । नेपालले आफ्नो विकासका लागि जुनसुकै मुलुकबाट सहयोग लिन वा नलिन सक्छ । मुख्य कुरा नेपालको भूमि अर्को छिमेकी मुलुक विरुद्ध प्रयोग हुन नदिनु हो । अमेरिकाले एमएमजी मार्फत नेपालमा चीनविरोधी अभियान सक्रिय बनाउन खोजेको छ । सरकारले एमसीसी आइपीएसभित्र नरहेको दलिल गरिरहेका बेला अमेरिकाको विदेश मन्त्रालयले जारी गरेको इन्डो प्यासिफिक रणनीतिको पछिल्लो प्रतिवेदनमा नेपालसहित पाँच देश जोडेर अन्तरदेशीय ऊर्जा व्यापारमा सहयोग पुर्‍याउन ५० करोड डलर उपलब्ध गराउनेमा जोड दिएको छ । बंगलादेश, भुटान, भारत, नेपाल र श्रीलंकालाई ऊर्जा व्यापारमा सघाउन एमएमसीको अनुदान सहयोग परिचालन हुने आइपीएसले जनाएको हो ।

नेपालमा आइपीएस प्रवेश गर्नु चीनका लागि चिन्ताको विषय हो । नेपाल पनि विदेशीको खेलमैदान हुन सक्छ । नेपालले कूटनीतिक चातुर्यता देखाएर आफ्नो अडान पेस गर्नुपर्छ । वचन मात्र दिँदा कूटनीतिक रुपमा असफल भइन्छ र राष्ट्रकै विश्वसनीयता गुम्छ । चीनका परराष्ट्रमन्त्री वाङ्दीको नेपाल भ्रमणताका तत्कालीन सत्तारुढ दल नेकपाका अध्यक्ष प्रचण्डले नेपाल आइपीएसमा सहभागी हुँदैन भनेका थिए । यसलाई चिनियाँ परराष्ट्र मन्त्रालयले प्राथमिकताका साथ लिएको थियो ।

सन् २०१८ मे २५ मा एमएमसीको युरोप एसिया तथा ल्याटिन अमेरिका हेर्ने डेपुटी भाइस प्रेसिडेन्ट जोनाथन ब्रुक्सको नेतृत्वमा एउटा प्रधिनिधिमण्डल नेपाल आयो । त्यो प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी ओली, ऊर्जामन्त्री, पूर्वाधार विकासमन्त्रीलाई भेटेर एमएमसीलाई संसदबाट चाँडै अनुमोदन गराउन दबाब दियो । त्यसपछि सरकारले एमएमसी बर्खे अधिवेशनबाट पारित गराउन प्रक्रिया अगाडि बढाएको थियो । तर तत्कालीन सभामुख कृष्णबहादुर महराले यसलाई प्राथमिकतामा राखेनन् । यसबाट प्रधानमन्त्री ओली निकै आक्रोशित देखिएका थिए । महरालाई आइमाई काण्ड लाग्यो । सभामुख पूर्वमाओवादीबाट बनेमा एमएमसी सम्झौता पारित हुन कठिन हुने बुझेकाले ओलीले सुवास नेम्बाङलाई सभामुखमा अघि सारिरहेका थिए । तर प्रचण्डले नेम्बाङको नाममा असहमति जनाए र अग्नि सापकोटा सभामुख बनेका थिए ।

इन्डोप्यासिफिक सामरिक हिसाबले संसारको व्यापारिक र सामरिक केन्द्र हो । संसारको २० प्रतिशत जलाशय रहेको यो भूभागमा ४० प्रतिशत तेल भण्डार रहेको अध्ययनले देखाउँछ । एक लाख बीस हजार सामुद्रिक जहाजको गन्तव्य रहेको यस क्षेत्रमा विश्वका ३ तिहाई तेलका ट्यांकर, ५० प्रतिशत कन्टेनर र संसारको बढी कार्गोको आगमन यस जलाशयबाट हुने गरेको छ । इन्डोप्यासिफिक क्षेत्रसँग सिधा सम्बन्ध रहेको मुलुकको संख्या ५१ रहेको छ जसले संसारको ३९ प्रतिशत जनसंख्या ओगट्छ । अमेरिका जापान र अष्ट्रेलिया समेत इन्डोप्यासिफिक क्षेत्रमा भारतको सक्रियता उपस्थिति र नेतृत्वलाई प्रोत्साहित गर्न विभिन्न प्रकारका रणनीतिक सहयोग गरिरहेका छन् । सन् २०१९ डिसेम्बर १३ र १४ मा नयाँदिल्लीमा इन्डोप्यासिफिकसँग सम्बद्ध राष्ट्रको सम्मेलनले यही बताउँछ । 'देल्ही डायलग' संज्ञा दिइएको सो सम्मेलनमा थाइल्यान्ड, फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, सिंगापुर, जापान, साउथ अफ्रिका, बंगलादेश, भियतनाम, ओमान, युएई, इरान, मोरिसस, म्यान्मार, भारत, अमेरिका र रुस समेतको सहभागिता थियो । एसियामा चीनको बढ्दो वर्चश्व कम गर्न आसियन मुलुकको सक्रियतामा कवारड (जापान, भारत, अष्ट्रेलिया र अमेरिका) सहभागितामा र पश्चिम एसियाका खाडी मुलुकको सद्भावमा इन्डोप्यासिफिक रणनीतिलाई अगाडि बढाउन रस्साकस्सी चलिरहेको छ । इन्डोप्यासिफिक क्षेत्रमा भौगोलिक हिसाबले भारतको प्रभाव अधिक देखिन्छ । इन्डोप्यासिफिक क्षेत्रमा हजारभन्दा बढी टापुहरू भारतकै रहेका छन् । जानकारहरू भारतको यस्तो सामरिक पहुँचलाई भारतका लागि समण्ड नेकलेस (अमूल्य माला) को रुपमा चित्रित गर्छन् । इन्डो प्यासिफिकमा भारतको सक्रियताका विभिन्न कारणमध्ये प्रमुख कारण चीनको पहुँच नै हो । बंगलादेश, श्रीलंका, म्यान्मार र पाकिस्तानमा चीन आफ्नो सामुद्रिक मार्गका लागि पूर्वाधार बनाइसकेको अवस्थामा भारतले आसियन राष्ट्रसँग सघन सम्बन्ध राख्दै सामरिक सन्तुलन कायम गर्ने जमर्को गरिरहेको छ । इन्डोप्यासिफिक रणनीतिअनुरुप भारतले आफ्नो पहुँच पश्चिम एसियातिर बढाइरहेको छ । इरानमा चाबाहार बन्दरगाहको निर्माण र रेल विस्तारको योजना अघि बढाइरहेको छ । इन्डो प्यासिफिक रणनीति एक प्रकारले चीनले लिएको बीआरआई नीतिको सामरिक जवाफ हो ।

१४ मार्च सन् २००२ मा अमेरिकन विकास बैंकको बैठकमा तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसले धनी र गरिबी दुवै प्रकारका राष्ट्रको विकासका लागि अनुदान प्याकेज घोषणा गरेका थिए । त्यो अनुदान प्याकेज नै अहिलेको मिलिनियम च्यालेन्ज कर्पोरेसन एमसीसी हो । १० वटा सूचकांकका आधारमा अनुदानप्रदान गर्ने नीति एमसीसीको रहेको छ । एमसीसीको सञ्चालक समितिले १४ सेप्टेम्बर सन् २०१७ मा वाशिंगटन डिसीमा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र संयुक्त राज्य अमेरिकाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत जोनाथन जी नासले हस्ताक्षर गरी सम्झौतापत्र आदानप्रदान गरेका थिए । एमसीसी अधिकारी सरकारले प्रदान गर्ने ५० करोड डलर र नेपाल सरकारको १३ करोड डलर गरी कुल ६३ करोड डलर अर्थात् ६३ अर्ब नेपाली करेन्सी बराबरको परियोजना हो ।

## भारतद्वारा...

१९९५ सालमा तत्कालीन नेपाल सरकारलाई लिम्पियाधुरा क्षेत्रका नागरिकले बाली बुझाएको प्रमाण समेत सरकारसँग छ । त्यसमा लिम्पियाधुरा क्षेत्रका गुन्जी, नावी र कुटी गाउँका बासिन्दाको नामावली स्पष्टै देखिने प्रमाण सरकारसँग छ । त्यतिखेर त्यस क्षेत्रका केही नागरिकले अन्न र केहीले पैसा नेपाल सरकारलाई बुझाएको रसिदले लिम्पियाधुरा नेपालकै हो भन्ने आधार स्पष्ट पारेको छ । २०१५ सालको आमनिर्वाचनको मतदाता नामावली र २०१८ सालको जनगणनाको तथ्यांक पनि सरकारसँग छ । सन् १८५७ मा भारतले नै जारी गरिदिएको नेपालको नक्सामा कुटी, नावी र छाङरु नेपालतर्फ देखिने गरी काली नदीलाई सिमाना मानिएको छ ।

सन् १९५६ मा 'सर्भे अफ इन्डिया' ले निकालेको एउटा नक्सामा भने लिपुलेक भन्ज्याङबाट आउने नदीलाई नेपाल भारतको सिमाना मानेर लिम्पियाधुरालाई भारततिर पारिएको छ । ऐतिहासिक दस्तावेजका अनुसार भारतको पहिलो चलखेल यहींनिर सुरु हुन्छ । त्यसपछि कहिले लिम्पियाधुरासहित र कहिले लिम्पियाधुरा बाहेकका नक्सा प्रकाशित भएका छन् । २०३२ सालमा नेपालले पहिलो पटक प्रकाशन गरेको नक्सामा त्यति धेरै प्रमाणका बाबजुद लिम्पियाधुरा छुट्याइएको छ र त्यसयताका कुनै पनि नक्सामा लिम्पियाधुरा थिएन ।

नेपाल र भारतबीच विगत सात दशकदेखि उल्झनका रुपमा रहेको लिपुलेक, कालापानी क्षेत्रसम्बन्धी विवाद २०७७ वैशाख २६ मा भारतले एकतर्फी ढंगले पिथौरागढ लिपुलेक लिंक सडक खण्ड उद्घाटन गरेपछि पुनः चर्किएको हो । २६ वैशाखमा भारतीय रक्षामन्त्री राजनाथ सिंहले उक्त सडकको अर्चुअल माध्यमबाट उद्घाटन गरेका थिए । त्यसको नेपालले तत्कालै विरोध जनाएको थियो । त्यसपछि २ जेठमा भारतका स्थल सेना प्रमुख मनोजमुकुन्द नरवाणेले लिपुलेक सडक भारतकै भूमिका बनेको र त्यसलाई लिएर नेपालमा भइरहेको विरोध कसैको इसारामा भएको भन्ने अभिव्यक्ति दिएपछि नेपालपमा त्यसको राजनीतिकदेखि जनस्तरबाट समेत चर्को विरोध भयो । २०७७ मंसिर १६ मा कालापानी क्षेत्रलाई समेटेर एकतर्फी ढंगले नयाँ नक्सा सार्वजनिक गरेपछि त्यतिबेलै पनि नेपालले विरोध जनाएको थियो । नेपालले सीमा विवाद तत्काल सुल्झाउन आग्रह गर्दै मितिसमेत पटक पटक प्रस्ताव गर्‍यो । तर सचिवस्तरीय संयन्त्रको बैठकमा बस्न भारतले अहिलेसम्म चाहेको छैन ।


नेपालले पनि २०७७ जेठ ७ गते लिम्पियाधुरा, लिपुलेक कालापानी समेटिएको नक्सा प्रकाशन गरी लागू गर्‍यो । यस नक्सालाई भारतले अस्वीकार गरिरहेको अवस्था छ । नेपाल सरकार आफ्नो राष्ट्रियता र सम्प्रभुताको प्रतिबद्ध रहेको सन्देश प्रवाह भए पनि भारतसँग कूटनीतिक वार्ता गरेर भूमि फिर्ता ल्याउन भने पूर्ववर्ती ओली सरकारले सकेन । लिम्पियाधुरा र अहिले नक्सामा मात्र नेपालको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतले सितिमिति तवरले छोड्ने देखिँदैन । बरु भारतले यी भूमि आसपासका क्षेत्रमा आवादी बढाउन पर्यटन तथा अन्य पूर्वाधार अगाडि बढाउने भएको छ । लद्दाख क्षेत्रमा चीनसँग सीमा विवाद कायमै रहेका बेला भारतले चीन र नेपालसँगका सीमावर्ती गाउँहरूलाई लक्ष्य गर्दै यस किसिमका आर्थिक सबलीकरणको नीति अघि सारेको हो । ब्यास र कुटी लगायतका गाउँमा पर्यटन प्रबर्द्धन र अन्य पूर्वाधार कार्यक्रम सुरु गर्ने भारतको तयारी छ । भारतीय सञ्चारमाध्यमका अनुसार सीमावर्ती क्षेत्रमा आर्थिक र पर्यटकीय गतिविधिले नागरिकको उपस्थिति बढ्दा सुरक्षा निकायलाई सूचना प्राप्त गर्न सहज बन्ने र सीमा क्षेत्रमा हुने अतिक्रमण रोकिने भारत सरकारको बुझाइ छ । भारतले चीन र नेपालसँगको सीमावर्ती राज्य उत्तराखण्डका विभिन्न गाउँलाई इनरलाइन परमिट (आइएलपी) बाट बाहिर राख्ने भएको छ । आईएलपी क्षेत्र प्रवेश गर्न भारतीय गृहमन्त्रालयको अनुमति चाहिन्छ । दोस्रो फेजमा ब्यास र कुटीलाई पनि समेटिँदैछ ।

नेपालले लिम्पियाधुरासहितको नयाँ नक्सा जारी गर्दै निशाना छापमा नक्सा समेट्न संविधान समेत संशोधन गर्‍यो । तर भारतले लिम्पियाधुरामाथिको दाबी छोडेको छैन । नेपाल भारत परराष्ट्र मन्त्रीस्तरीय बैठकमा समेत भारतले यो विषयलाई एजैन्डा बनाउन चाहेन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले चुच्चे नक्सा जारी त गराए तर भूमि फिर्ता गर्न कूटनीतिक पहल गरेनन् । अहिले सरकारको नेतृत्वमा कांग्रेस सभापति शेरबहादुर देउवा छन् । नेपाली कांग्रेसलाई सधैं भारत परस्तको आरोप लाग्ने गरेको छ । सरकारले लिम्पियाधुरा समेटेर नक्सा जारी गर्दा साथ दिएको कांग्रेसले अब वास्तविक रुपमा भूमि फिर्ताका लागि पहल गर्ने कुरामा शंका व्यक्त गरिँदैछ । कालापानी क्षेत्रमा सन् १९६२ देखि भारतीय सेना ब्यारेक बनाएर बसिरहेका छन् । रणनीतिक महत्वको कालापानी क्षेत्र भारत छोड्ने मनस्थितिमा देखिँदैन । सीमा विवादको अर्को पाटो सुस्ता हो जहाँ भारतले सिंगै सुस्ता गाउँपालिका निल्न लागिसकेको छ । यीबाहेक झन्डै ७१ स्थान बढीमा नेपाली भूमि भारतले अतिक्रमण गरेको छ । सुदूरपूर्वी पहाडी जिल्ला इलामको सन्दुकपुर होस् या झापाको बाहुन्डाँगी भद्रपुर महेशपुर होस् या सप्तरी, रौतहटमा होस् भारतले पिलर सारेर सीमा अतिक्रमण गरेकै छ । भारतीय भूमि विस्तारवादी नीतिको नेपालले डटेर सामना गर्न सक्नुपर्छ ।

चीनसँग सगरमाथाको विवादको विषयलाई तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले समकक्षी चाउएनलाईसँग मात्र होइन अध्यक्ष माओसँगै वार्ता गरेर निष्कर्षमा पुर्‍याएका थिए । प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भारतीय समकक्षी नरेन्द्र मोदीसँग वान टु वान वार्ता गरेर कालापानी क्षेत्रलाई फिर्ता ल्याएमा कांग्रेस भारतपरस्तको आरोपबाट मुक्त त हुने नै छ देउवाको नाम इतिहासमा देशभक्त प्रधानमन्त्रीको रुपमा अवश्य लेखिनेछ ।

# प्राचीन रोमको गणतन्त्र र हाम्रो गणतन्त्र

**राजेन्द्र श्रेष्ठ**



ईशापूर्व छैठौं शताब्दीमा प्राचीन रोमका एत्रुरियाई वंशका अन्तिम राजा ज्यादै अत्याचारी क्रुर घमण्डी थिए । तिनको विरुद्धमा रोममा ठूलो विद्रोह भयो । त्यस विद्रोहबाट त्यहाँ राजतन्त्रको अन्त्य भयो र गणतन्त्रको स्थापना भयो । तर त्यो गणतन्त्र आधुनिक कालको जस्तो गणतन्त्र थिएन । रोमका प्राचीनबासीहरूलाई 'पेट्रोसियन' भनिन्थ्यो । बाहिरबाट आएर बसेका मानिसलाई 'प्लेवियन' भनिन्थ्यो । ल्याटिन भाषामा यसको अर्थ 'प्लीब' अर्थात् सामान्यजन हो । पेट्रोसियन अर्थ चाहिँ ल्याटिन भाषामा पाटेर अर्थात पिता हो । पेट्रोसियनहरू रोमको संस्थापक आफैं भएको गर्व गर्थे । त्यहाँको शासन पेट्रोसियनहरू र राजा मिलेर चलाउँथे । त्यसबेला अर्थतन्त्र कृषि र पशुपालनमा निर्भर थियो । समाज समुदायमा आधारित थियो । कृषियोग्य जमिन र चरन उनीहरूकै समुदायको अधिनमा थिए । प्रत्येक पेट्रोसियनको परिवारले समुदायको जमिनबाट भाग पाउँथे । जनावर चराउने चरन भने साझा हुन्थे ।

सामान्य जनता भने अधिकांश गरिब थिए । राज्यमाथि उनीहरूको कुनै अधिकार थिएन । उनीहरूको प्रमुख काम जमिनदारहरूको खेतमा काम गर्नु र सेनामा भर्ती हुनु थियो । उनीहरूले समुदायको खेतबाट कुनै भाग पाउँदैनथे । उनीहरूले राज्यलाई निश्चित रुपले कर बुझाउनुपर्थ्यो । समयमा कुरा नबुझाउनेले दास हुनुपर्थ्यो । जब रोममा गणतन्त्रको स्थापना भयो, त्यहाँको शासन चलाउनका लागि पेट्रोसियनहरूबाटै दुई जना व्यक्तिलाई निर्वाचित गरिन्थ्यो । उनीहरूलाई 'कन्सुल' भनिन्थ्यो । उनीहरूलाई सल्लाह दिन सिनेटको निर्वाचन पनि हुन्थ्यो । त्यसमा ३०० जना सदस्य हुन्थे । उनीहरूको कार्यकाल एक वर्षको हुन्थ्यो । त्यसका सदस्यहरू पनि पेट्रोसियनहरू नै हुन्थे । यसमा कार्यकाल समाप्त भएका कन्सुलर पनि सदस्य हुन्थे । यो सिनेट ज्यादै शक्तिशाली हुन्थ्यो । हरेक कामका लागि 'कन्सुल' ले यसको सल्लाह लिनुपर्थ्यो । अर्थको व्यवस्था गर्नु, युद्ध र शान्तिको निर्णय गर्नु यसको अधिकारभित्र पर्थ्यो । तर यसमा प्लेबियनहरूको कुनै अधिकार थिएन । उनीहरूको अधिकार यी शासकहरूलाई भोट दिनु मात्र थियो । तर भोट पनि रोमका सबै जनताले दिन पाउँदैनथे । किनभने गणतन्त्रको स्थापना कालसम्म रोम राज्यले ठूलो भूभाग ओगटिसकेको थियो । तर मतदान केन्द्र खाली रोमम मात्र राखिन्थ्यो । रोमका जनता रोमबाहिर गएर भोट दिन सक्दैनथे । यी मतदाताहरू पनि अधिकांश गरिब थिए । गरिबीबाट फाइदा उठाएर जमिनदारहरू कुलीनहरू उनीहरूलाई पैसा दिएर भोटको किनबेच गर्थे । सरकारी पदहरूमा पनि जनताको कुनै पहुँच थिएन ।

रोमको गणतन्त्रमा यी दुई वर्षबाहेक अर्को वर्ग पनि थियो- दास वर्ग । उनीहरूलाई भोट दिने अधिकार थिएन । उनीहरूलाई नागरिक नै मानिदैनथ्यो । यिनीहरू गाई भैंसी जस्ता मालिकहरूको सम्पत्ति मानिन्थे । मालिकहरू आफ्नो इच्छाअनुसार यिनीहरूलाई सजाय दिन्थे र यिनीहरूको किनबेच पनि गर्थे । यसरी कुलीन तथा जमिनदारहरू सामान्य जनतामाथि अधिकार जमाउँथे भने सामान्य जनता तथा कुलिनहरू दासहरूमाथि अधिकार जमाउँथे । यसको विरुद्ध इ.पु. पाँचौं शताब्दीमा रोममा ठूलो वर्गसंघर्ष चर्कियो । यो संघर्ष सयौं वर्षसम्म रह्यो । यस विद्रोहको प्रमुख माग जमिनमाथि अधिकार प्राप्त गर्नु र राजनीतिक अधिकार प्राप्त गर्नु थियो ।

यो विद्रोहको एउटा रोचक पक्ष के थियो भने सबै सामान्य जनताहरू रोम छोडेर बाहिर गएर त्यहाँ छुट्टै बस्ती बसालेर बस्न थाले । सामान्य जनताको यस्तो व्यवहारबाट पेट्रोसियनहरूलाई ठूलो आपद पार्‍यो । सामान्य जनता नहुँदा अर्थतन्त्र नै डावाडोल हुने भयो । खेतीपाती गर्ने, सामानहरू उत्पादन गर्ने र व्यापार गर्ने उनीहरू नै थिए । यसले गर्दा शासकहरूले उनीहरूको माग पूरा गर्न बाध्य भए । उनीहरूको माग पूरा गरेर उनीहरूलाई रोम भित्र्याइयो । उनीहरूसँग सम्झौता गरेर प्लेबियनहरूको प्रतिनिधित्व रहेको एउटा ट्रिब्युनको स्थापना गरियो । यसमा दुई जना प्रतिनिधि रहन्थे र निर्वाचन प्लेबियनहरूले नै गर्थे । यसको पदावधि पनि एक वर्षको हुन्थ्यो । यो शक्तिशाली अंग थियो । यसले प्लेबियनहरूको रक्षा गर्ने कानुनहरू बनाउन सक्थ्यो । सिनेट तथा कन्सुलले प्लेबियनहरूको सम्बन्धमा गर्ने कुनै निर्णयलाई रोक्ने अधिकार पनि योसँग थियो । केही गरी सिनेट र कन्सुलले प्लेबियनहरूको अधिकारमाथि हस्तक्षेप गरे उनीहरू देश छोडेर जाने धम्की दिन्थे । यसबीचमा पनि प्लेबियन र पेट्रोसियनबीच सशस्त्र संघर्ष नै चलिरह्यो । जित प्लेबियनहरूकै भयो ।

यस विद्रोहबाट प्लेबियनहरूले विस्तारै अधिकार प्राप्त गर्न थाले । सेना कमजोर हुने, ढुकुटी खाली हुने फेरि विद्रोह हुने डरले शासकहरूले उनीहरूको माग पूरा गर्न थाले । पेट्रोसियनहरूले जस्तै सिनेट र कन्सुललमा उठ्न पाउने गरी अधिकार प्राप्त गरे । प्रशासनको उच्च पदमा नियुक्त हुने, कर नतिर्दा दास हुनुनपर्ने तथा समुदायको खेतबाट भाग प्राप्त हुने अधिकार पनि पाउन थाले । तर सिनेटमा रहने र कन्सुलले पारिश्रमिक नपाउने भएकाले प्लेबियनहरूपछि परे । कुलिन पेट्रोसियनहरू नै निर्वाचित भइरहे । रोमको गणतन्त्र केही जमिनदार र कुलिनहरूको मुठ्ठीमा रहन गयो । प्राचीन रोमको यस्तो अभिजातीय गणतन्त्र जस्तै नेपालको गणतन्त्र नहोस् । अहिलेको हाम्रो गणतन्त्रमा पनि चुनाव जित्ने जमिनदार र कुलिनहरू नै छन् । सामान्य जनताको हालत प्लेबियनहरूकै जस्तो छ । नेपालको गणतन्त्र पनि सीमित अभिजात वर्गको मुठ्ठीमा परेको छ । सामान्य जनताको अवस्था भजगोविन्दम् नै छ ।

## जसपाका...

अनुहारलाई ग्राहयता, विषयवस्तुका अनुभवी, पार्टी तथा आन्दोलनमा योगदान दिएका जस्ता विषयवस्तुका आधारमा मन्त्री चयन गर्नुपर्ने सुझाव सदस्यहरूले दिएको बताइएको छ । जसपाबाट मन्त्री बन्ने आकांक्षी धेरै भएका हुनाले त्यसका बारेमा निर्णय गर्ने अधिकार संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई, अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता अशोक राईलाई दिएको बताइएको छ । उनीहरूले मापदण्ड पुरा गरेर मन्त्रीको नाम चयन गरी सरकारलाई पठाउने बताइएको छ ।

## नेपाल पक्ष...

छन् । सरकारमा सहभागी हुने वा पार्टी एकतामा जाने भन्ने टुंगो लगाउन नेता नेपाललाई नै सांसदहरूले जिम्मेवारी सुम्पिएका छन् ।

ओली र नेपालबीच सांसद विघटनपछि मनमुटाव उत्कर्षमा पुगेको हो । ओलीको संसद विघटन गर्ने कदमलाई नेपालले प्रतिगामी कदम ठहर गर्दै संसद पुनर्स्थापना गर्ने सर्वोच्च अदालतको निर्णयको स्वागत गरेका छन् । फैसलाले लोकतन्त्र, संविधान र राष्ट्रियता बचेको नेपालको भनाइ छ । देउवालाई विश्वासको मत दिएकोमा ओली क्षुब्ध छन् र यसलाई उनले 'अपराध कर्म' भनेका छन् । नेपालका यी कदमप्रति ओली आक्रमक छन् । नेपाल बृहत वाम एकताको पक्षमा छन् भने ओली माओवादी केन्द्रसँग आक्रोशित छन् ।

## फेरि कोरोना...

सुस्त देखिएको छ । दूरदराजका बिरामीहरूले परीक्षणको सुविधा र अवैधि पाउन सकेका छैनन् । कोरोनासँग लक्षण मिल्ने बिरामी गाउँघरमा थुप्रै भेटिने गरे तापनि ती बिरामीले परीक्षणको सुविधा पाएका छैनन् । अस्पतालको सुविधा पाएका ठाउँहरूमा फेरि बिरामीको संख्या बढ्न थालेको छ ।

कोरोना संक्रमणको तेस्रो लहरबाट बालबालिका बढी प्रभावित हुन सक्ने अनुमान यस क्षेत्रका विज्ञले गरिरहेका छन् । डा.सुनिल शाहका अनुसार वयष्कहरूलाई खोप पनि दिइराखिएको र बालबालिकालाई दिने खोप आइनसकेकाले गर्दा पनि तेस्रो लहर आएको खण्डमा बालबालिका बढी प्रभावित हुने सम्भावना रहेको छ । त्यसो त स्वास्थ्य मन्त्रालयका अधिकारीहरू समेत अस्पतालहरूमा बालबालिकाका लागि कोरोना वार्डहरूको व्यवस्था गर्न निर्देशन दिइएको बताउँछन् । सम्भावित तेस्रो लहरले पार्न सक्ने प्रभाव र यसको भयावहतालाई आँकलन गरी बेलैमा पूर्व तयारी गर्न आवश्यक छ । त्यसैगरी खोप लगाउने केन्द्रहरूमा लाग्ने गरेको घुइँचो र व्यथितिले समेत संक्रमण बढाउन सक्ने देखिन्छ । खोप केन्द्रहरूको विस्तार गरी सबैले सहजै खोप लगाउन सक्ने वातावरण बनाउन आवश्यक छ । खोप केन्द्रमा समेत भेदभाव हुने गरेको र आफ्नालाई प्राथमिकता दिने प्रवृत्ति देखिएकाले यसको अन्त्य हुन आवश्यक छ ।

## राष्ट्रिय...

वरिष्ठ नेता खनालको विदेशमा उपचार गर्दा लागेको खर्च व्यहोर्ने निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सरकारको निर्णय नै गैरकानूनी थियो ।

२ असोज २०७५ देखि लागू भएको जनस्वास्थ्य ऐनको दफा ३० मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नु परेमा सोका लागि लाग्ने खर्च नेपाल सरकारले उपलब्ध गराउने छैन' भनिएको छ ।

खनालले जस्तै सरकारी ढिकुटी रित्याएर थुप्रै नेताले विदेशमा महँगो उपचार गराइसकेका छन् । आफ्नै पैसाले उपचार गराउन सक्ने हैसियत भएका र अर्बौं सम्पत्तिका मालिक नेताहरू समेत राष्ट्रिय ढिकुटी दोहन गरी विदेशमा उपचार गराइरहेका छन् । दुरदराजका जनता भने सिटामोल र जीवनजलको अभावमा अकालमा ज्यान गुमाउन बाध्य छन् ।

यसैबीच पूर्ववर्ती सरकारका कतिपय निर्णय उल्टाए पनि प्रधानमन्त्री शेरबहादुर देउवाले खनालको उपचार खर्चसम्बन्धी गैरकानुनी निर्णयलाई कायम राखेका छन् । साथै सरकारले सहयोग गर्ने आश्वासन समेत दिएका छन् ।

## कांग्रेस...

प्रतिवेदनमा छानबिन समितिका सदस्य कल्याण गरुङले नोट अफ डिसेन्ट नै लेखे । गुरुङले डेढ सय वडाको टुंगो लाग्न बाँकी रहेको भनेका छन् भने लेखकले सय वडा मात्र बताएका छन् । क्रियाशील सदस्यताको फाइनल विवरण आफ्नो हातमा परेको ५६ दिनमा महाधिवेशन गर्न सकिने गरी केन्द्रीय निर्वाचन समितिले पार्टीलाई निर्वाचनको खाका पेस गरेको छ । यदि छानबिन समितिले साउन १२ गते बुझाएको प्रतिवेदनलाई केन्द्रीय समितिले तत्काल अघि बढाएको भए असोजको दोस्रो साताभित्र महाधिवेशन सम्भव हुन्थ्यो । तर पदाधिकारीहरूको बैठकले बाँकी वडाको पनि विवाद निम्ट्यारा लगाउन छानबिन समितिलाई निर्देशन दिएको छ । वडाको समस्या पेचिलो भएका कारण छानबिन समितिलाई विवाद टुंगो लगाउन एक महिना बढी समय लाग्ने बताइन्छ ।

## उखु...

थिए । उखु किसान संघर्ष समिति, सर्लाहीका अनुसार ६ मिलबाट किसानले ४१ करोड रुपैयाँभन्दा बढी पाउन बाँकी छ । सर्लाहीका किसानको तथ्यांकअनुसार महालक्ष्मी सुगर मिलले यो वर्षको समेत गरी १२ करोड रुपैयाँ र अन्नपूर्ण सुगर मिलले समेत १२ करोड भुक्तानी दिन बाँकी छ । लुम्बिनी चिनी मिलले ३ करोड, इन्दिरा सुगर मिलले ४ करोड र बागमती खाँडसरी चिनी मिलले ५० लाख रुपैयाँ तिर्न बाँकी छ । रौतहटको श्रीराम सुगर मिलबाट ३.१४ करोड बक्यौता उठ्न बाँकी रहेको उनीहरूले बताएका छन् ।

गत वर्ष किसानले आन्दोलन गरेपछि सरकारले सम्बन्धित उद्योगीलाई धमाधम पत्राचार गर्दै बक्यौता तिर्न दबाब दिएको थियो । सबैभन्दा बढी बक्यौता रहेको श्रीराम सुगर मिल, रौतहटले सुरुमा पैसा नभएको र उद्योग परिसरको जग्गा बिक्री गरेर किसानलाई भुक्तानी दिने जानकारी दिएको थियो ।

सरकारले प्रतिक्विन्टल ४ सय ७१ रुपैयाँका दरले उद्योगले किसानलाई भुक्तानी दिनुपर्ने गरी उखुको समर्थन मूल्य तोकेको थियो । तर अन्नपूर्ण मिलले ३६ रुपैयाँ कम अर्थात् प्रतिक्विन्टल ४ सय ३५ रुपैयाँका दरले मात्रै भुक्तानी दिएर ठगी गरेको संघर्ष समितिको ठहर छ ।

नवलपरासीको लुम्बिनी चिनी मिलले सरकारी अनुदानसहित ३ करोड रुपैयाँ दिनुपर्ने किसानको तथ्यांक छ । सो मिलले पनि चार सय ७१ रुपैयाँ प्रतिक्विन्टलका दरले नदिएर ३ सय ८५ रुपैयाँ प्रतिक्विन्टलले किसानलाई भुक्तानी दिएको राष्ट्रिय कृषि श्रमिक संघले जनाएको छ । यो वर्ष सरकारले उखुको न्यूनतम समर्थन मूल्य ७.७७ रुपैयाँ वृद्धि गरेको थियो । वृद्धि भएको रकमको सट्टा पुरानै मूल्यमा किसानलाई उखुको भुक्तानी दिएकाले ५० लाख बक्यौता रहेको बताइएको छ ।